# नेपालमा
# निजी वन प्रवर्द्धनको लागि नया गन्तव्य
(नीतिगत वहसको लागि)




लेखन
विजयराज पौड्याल
भोला भट्टराई

NAFAN
Federation of Nepalese Chambers of Commerce & Industry Estd 1965
MSFP
Multi Stakeholder Forestry Programme
बहुसरोकारवाला वन कार्यक्रम
ICIMOD
30

राष्ट्रिय जनवकालत मञ्च, नेपाल
**National Forum for Advocacy, Nepal (NAFAN)**
गोठाटार–८, पेप्सीकोला, काठमाण्डौ
इमेल:nafannepal8@gmail.com
www.nafan.org
मोवाइल : ९८५१०७४७७०

प्रकाशन मिति : २०७१ बैशाख

संस्करण : प्रथम संस्करण

प्रति : १००० प्रति

सेटि•/डिजाइन : सुप्रिम डिजाइन
कौशलटार, भक्तपुर
फोन : ०१-६६३९६३३

मुद्रण : चन्द्रज्योति प्रेस एण्ड पब्लिकेशन प्रा. लि.
बानेश्वर, काठमाडौ
फोन : ०१-४४९९१५८

सन्दर्भसामग्री : पौड्याल विजयराज, भट्टराई भोला, २०७१
नेपालमा निजी वन प्रवर्द्धनको लागि नयाँ गन्तब्य
(नीतिगत वहसको लागि)

**(यो पुस्तिकामा उल्लेखित विषयहरु कार्यक्रमका सहयोगी निकायहरु बहुसरोकारवाला वन कार्यक्रम र इसिमोडको आधिकारीक धारणा होइनन् ।)**

# प्रकाशकको तर्फबाट

नेपालको वनक्षेत्रमा निजी वनको योगदान उल्लेख्य भएपनि निजी वन प्रवर्द्धनको लागि लगानीको अवस्था भने नाजुक देखिन्छ । वन विकास गुरुयोजना, वन ऐन, २०४९ र वन नियमावली २०५१ ले महत्वपूर्ण स्थान दिएपनि वन तथा भू संरक्षण मन्त्रालय तथा वन क्षेत्रका सहयोगी निकायबाट सहयोग भने हुन सकेको छैन् । वन क्षेत्रमा निजी क्षेत्रको संलग्नता विना न त  वनको संरक्षण नै हुन सक्छ, न त वनको सही ब्यवस्थापन नै हुन सक्छ ।

यसै परिवेशमा राष्ट्रिय जनवकालत मञ्च, नेपाल ९ल्बँब्ल० र नेपाल उद्योग वाणिज्य महासंघ ९ँल्क्ष्रऋक्ष० को सहकार्य तथा बहुसरोकारवाला वन कार्यक्रम ९ःक्ँए० र इसिमोड ९क्ष्ऋक्षःइम्० को सहयोगमा मिति २०७० फागुन  २९ र ३० गते काठमाडौंमा निजी वन प्रवर्द्धनका लागि प्रथम राष्ट्रिय कार्यशाला गोष्ठीको आयोजना गरिएको थियो । सो गोष्ठीमा विजयराज पौड्याल, छोटेलाल चौधरी, डा. मनोहरा खड्का, लक्ष्मीदत्त भट्ट, प्रकाश कटुवाल लगाएतका वन विज्ञहरुले आ-आफ्नो कार्यपत्र पेश गर्नु भएको थियो भने वन क्षेत्रका विभिन्न सरकारी, गैरसरकारी, निजी वन विकासका पेशागत संघ संस्था, वन श्रमीक, निजी वनवाला निकायका प्रतिनिधिहरुको सहभागितामा ब्यापक छलफल र वहस भएको थियो । यो नीतिगत बहसका लागि तयार पारिएको पुस्तिका सोही क्रममा प्रस्तुत कार्यपत्र, समूहगत छलफल र सहभागीहरुद्धारा ब्यक्त विचारका आधारमा तयार पारिएको  छ । यो प्रयास अन्त्य होइन, शुरुवात हो भन्ने विषयमा कार्यशाला गोष्ठीका सहभागीहरु वीच मतऐक्यता भएको थियो । राष्ट्रिय जनवकालत मञ्च, नेपाल मुख्य आयोजक भएको हिसावले यस प्रकृयामा आयोजककै भूमिकामा रहन हाम्रो अनुरोधलाई स्वीकार्ने नेपाल उद्योग वाणिज्य महासंघ प्रति हार्दिक आभार ब्यक्त गर्न चाहन्छौं भने आर्थिक तथा प्राविधिक सहयोग पुर्‍याउने बहुसरोकारवाला वन कार्यक्रम र इसिमोड प्रति धन्यवाद दिन चाहन्छौं । यसै गरी कार्यशाला गोष्ठीमा केयर नेपाल हरियो वन कार्यक्रम नेपालगंज मार्फत ४ जना नीजि वनका व्यवस्थापकहरुको सहभागिता गराईदिनु हुने मानबहादुर बि.क.लाई पनि धन्यवाद दिन चाहन्छौं । यो वहसका लागि तयार भएको नीतिपत्रमा योगदान पुर्‍याउनुहुने कार्यपत्र प्रस्तोता विजयराज पौड्याल, छोटेलाल चौधरी, लक्ष्मीदत्त भट्ट(इसिमोड), डा. मनोहरा खड्का(इसिमोड) प्रकाश कटुवाल ९ब्ल्क्ब्द्य०, डा. प्रदिप महर्जन९ँल्क्ष्रऋक्षरब्भ्ऋ० लगायत गोष्ठीको क्रममा विचार प्रस्तुत गर्नुहुने वन तथा

भू संरक्षण मन्त्रालयका सह सचिव राम प्रसाद लम्साल, ँल्ऋतऋक्ष का वन संयोजक प्रकाश गिरी, प्यानल छलफलमा सहभागी हुनुहुने भू तथा जलाधार विभागका महानिर्देशक पेमनारायण कडेल, वहुसरोकारवाला वन कार्यक्रमका टिम लिडर रामु सुवेदी, विश्वास राना र स्तुती मास्के एवं वन विभाग वृक्ष सुधार महाशाखाका श्याम प्रसाद शर्मा प्रति हार्दिक धन्यवाद दिन चाहन्छौ । यस कार्यमा २ दिनसम्मको कार्यशालालाई सहजीकरण गर्नुहुने शम्भु दंगाल एवं घनिभूत छलफलमा सहभागी हुने  सम्पूर्ण सहभागीहरुको विचारको संगालोलाई प्रकाशन गर्न यो अभिलेख तयार गर्नुहुने वन विज्ञ विजयराज पौड्याल र भोला भट्टराई एवं मस्यौदा उपर आफ्नो सुझाव प्रदान गर्नुहुने डा. मनोहरा खड्काप्रति नाफान कृतज्ञता ब्यक्त गर्न चाहन्छ । यो अभिलेख तयार गर्ने क्रममा भाषा सम्पादनमा सहयोग गर्नुहुने पत्रकार खगेन्द्र भण्डारीलाई पनि धन्यवाद छ ।

“नेपालमा निजी वनको प्रवर्द्धनको लागि नयाँ गन्तब्यको लागि यस अभिलेखमा प्रस्तुत मार्गनिर्देशनलाई कार्यान्वयन गर्ने तर्फ सवै वनक्षेत्र सम्वद्ध (सरकारी, गैरसरकारी एवं सहयोगी निकाय आदि) निकायहरुको प्रयाप्त ध्यान जान सकेमा मात्र निजीवन प्रवर्द्धन सम्भव छ । निजी वनको प्रवर्द्धनबाट मात्र वनको संरक्षण, वन पैदावारको सहज आपूर्ति, उद्यम विकास, रोजगारी श्रृजना र आयश्रोतमा वृद्धि सम्भव छ । यो नीतिगत वहसको लागि तयार पारिएको पुस्तिकाको अध्ययन पश्चात यहाँहरुको मूल्यवान प्रतिकृया र सुझावको अपेक्षा गर्दै यो अवसरमा सहयोग गर्नुहुने सम्वन्धित सवै पक्षलाई हार्दिक धन्यवाद छ ।

- राष्ट्रिय जनवकालत मञ्च नेपाल
  बैशाख २०७१

# विषयसूची


| शीर्षक | पेज नं. |
|---|---|
| **पृष्ठभूमी** | **१** |
| **नीतिगत समिक्षाः विगत देखि वर्तमानसम्म** | **१** |
| १. प्रजातन्त्र स्थापना पूर्व (वि.सं २००७ साल अघि) | १ |
| २. अन्तरिम काल (वि.स. २००७ देखि २०१६) | २ |
| ३. पंचायत काल (वि.स. २०१७ देखि २०४६) | २ |
| ४. प्रजातन्त्र पुनस्थापना पश्चात (वि.स.२०४७ देखि २०६२) | ३ |
| ५. लोकतान्त्रिक गणतन्त्र स्थापना पश्चात (वि.स.२०६३ देखि हालसम्म) | ५ |
| **निजी वन प्रवर्द्धनका मुख्य सवल पक्षहरु र चूनौतीहरु** | **८** |
| निजी वनका मुख्य सवल पक्षहरु | ८ |
| निजी वन प्रवर्द्धनका चूनौतीहरु | ९ |
| १. उत्पादन पूर्वका अड्चन | ९ |
| क) परिभाषामा नै अन्यौल | ९ |
| ख) वीउ/विरुवाको गुणस्तर | १० |
| ग) विषेश कार्यक्रम, उच्चस्तरको तालिम र प्रचार प्रसार संचालन नहुनु | १० |
| घ) न्यून निजी वन स्थापना र अनुगमनको कमी | ११ |
| ङ) प्रजाती प्रतिवन्ध | ११ |
| २. उत्पादनका अड्चन | १२ |
| क) वन संवर्द्धन र रोग निदान कार्यमा ध्यान केन्द्रित नहुनु | १२ |
| ख) वन प्रमाणिकरणमा ध्यान नहुनु | १३ |
| ३. उत्पादन पश्चातका चुनौती | १३ |
| क) गरीव र जग्गा विहीनको समस्या सम्वोधन नहुनु | १३ |
| ख) वन ऐन परिमार्जनमा ढिलाई र प्रकृया झन्झटिलो | १४ |
| ग) निजी वनको योगदानको विश्लेषणको अभाव | १५ |
| घ) निजी वन र वन प्रमाणीकरणमा ध्यान नहुनु | १६ |
| ङ) हक असुरक्षित र विमाको व्यवस्था नहुनु | १६ |
| च) विश्व व्यापार संघको प्रभाव र मूल्य निर्धारण | १७ |
| छ) वन्यजन्य उद्योग स्थापना | १७ |
| ज) लगानी र योगदानको कदर नहुनु | १८ |
| छ) निजी वन प्रवर्द्धनमा लैगिंक तथा सामाजिक सवालहरु | १८ |
| **निजी वन विकास र प्रबर्द्धनका लागि नया“ गन्तव्य** | **२०** |
| १. वन ऐन संशोधन र प्रकृया सरलीकरण | २० |
| २. वीउ र विरुवाको गुणस्तर, वन संबर्द्धन र वन प्रमाणिकरण | २१ |
| ३. संस्थागत विकास र अनुगमन | २१ |
| ४. योगदानको विश्लेषण | २२ |
| ५. हक सुरक्षित र विमा | २३ |
| ६. मूल्य निर्धारण र व्यापार | २३ |
| ७. योजना तर्जुमा र लगानीको वातावरण निर्माण | २४ |
| ८. महिला शसक्तिकरण र लैंगिंक समानताका लागि निजिवन | २४ |
| **सन्दर्भ सामग्रीहरु** | **२८** |

## पृष्ठभूमी

नेपालमा राजनीतिक परिवर्तनसंगै भूमी व्यवस्था र वन जंगलको व्यवस्थापन पद्धतीमा पनि फेरबदल हुँदै आएको छ । ५०० वर्ष भन्दा पहिले देखि नै निजी वन संरक्षण र विकासका लागि भएका नीतिगत व्यवस्थाको समिक्षा गर्दा निजी वनबाट चौतर्फी फाइदा हुँदाहुँदै पनि अपेक्षाकृत वनको विकास र प्रवर्द्धन भने हुन सकेको छैन । अहिले देश संविधान निर्माणको क्रममा छ । साथै, वन तथा भू संरक्षण मन्त्रालय वन विकास गुरु योजनाको आधारका रुपमा वन क्षेत्रको रणनीति निर्माणको तयारीमा जुटेको छ । यस्तै सरोकारवालाहरु सामुदायिक वन, साझेदारी वन, कबुलीयति वन, धार्मिक वन, संरक्षित वन र सरकारद्धारा व्यवस्थित वन, संरक्षित क्षेत्रको दीगो व्यवस्थापनका लागि नयां नीतिमा समावेश गर्नु पर्ने बुँदाहरुमा व्यापक वहस चलाईरहेका छन । तर निजी वनको विकास र प्रवर्द्धनवारेमा भने अझै बहस सुरु हुन सकेको छैन । विभिन्न समयमा भएका अध्ययनहरुले पनि निजी वनको विकास र प्रवर्द्धनका लागि राज्यपक्षबाट ठोस रुपमा कुनै कार्य नभएको देखिन्छ ।

कृषि तथा खाद्य सुरक्षाको लागि महत्वपूर्ण मानिने निजी वनप्रति सरोकारवालाहरुको ठोस कार्यको अभावलाई आत्मसात गर्दै यो नीति पत्र जनसमक्ष ल्याइएको हो । यसले निजी वनको पक्षमा बहस गर्न सरोकारवालाहरुलाई खुराक दिने मात्र होइन, निजी वनको विकास र प्रवर्द्धन मार्फत हरीत उद्यम संचालन गरी आयआर्जन र वातावरणीय सेवा प्रदान गर्न उपयुक्त नीति निर्माणमा समेत टेवा पुग्ने विश्वास गरिएको छ ।

## नीतिगत समिक्षाः विगत देखि वर्तमानसम्म

नेपालमा निजी वनका सम्बन्धमा स्वामित्व, परिभाषा, बृक्षारोपण, कटानी, संकलन,निजी वन दर्ता, व्यापार र तथ्यांक व्यवस्थापनका बारेमा अत्यन्त रोचक तथ्य रहेको पाइन्छ । नीति निर्माण र व्यवहारमा भएका गतिविधिको समिक्षा गर्दा पाँच चरणहरुमा विभाजन गरिएको छ ।

### १. प्रजातन्त्र स्थापना पूर्व (वि.सं २००७ साल अघि)

वि.सं. १४३७ मा जयस्थिति मल्लको पालामा जारी भएको मानव न्याय शास्त्र अनुसार पाँच वर्ष बाँझो छाडिएको जग्गा वन-जंगल मानिन्थ्यो । यस्तै, वि.सं. १८९९ मा पृथ्वीनारायण शाहको कार्यकालमा विर्तावालाको स्वीकृति नलिई हरिया रुख काटेमा कडा सजाय हुने प्रावधान थियो । वि.सं. १९०३ मा मूलुकी ऐन जारी गरियो । जुन ऐनमा अरुले पालेको रुख काट्न नपाइने प्रावधान थियो । वि.सं. १९९१ मा जुद्ध शमशेरको पालामा बाटो र घडेरीमा रुख लगाउने, घडेरीमा अनिवार्य एउटा रुख लगाउने, रुख काट्दा नयाँ लगाएर मात्र काट्ने, घर संघाका लागि दिएको काठ

अन्यत्र बेच्न नपाइने, नम्बरी जग्गाको रुख काट्दा सरकारको स्वीकृति लिने नीति थियो । भूमिको स्वामित्व तर्फ रैकर (रैकम, विर्ता, जागिर, जागिरा, किपट) गूठी रहेको थियो । भू स्वामित्वको आधारमा जमिन व्यवस्था गर्दा वन जंगल पनि व्यक्तिका नाममा गएको पाइन्छ । रैकर प्रणाली अत्यन्त लैगिक असम्वेदनशिल थियो किनकी विर्ता, किपट घरको पुरुष सदस्यको नाममा दर्ता हुन्थ्यो, यस्ले महिला सदस्य भन्दा पुरुष सदस्यको सामाजिक हैसियत तथा प्रतिष्ठा झनै वलियो वनाउन सहयोग गर्‍यो ।

## २. अन्तरिम काल (वि.स. २००७ देखि २०१६):

राष्ट्रिय वन व्यक्ति विशेषले पूरै वा आंशिक रुपमा राज्यको राजश्व माफी भई वा कुनै तवरले (बिर्ता लगायत) आफ्नो हक गराई भोग गरी आएकोले ***हरियो वन नेपालको धन*** भन्ने उक्ति चरितार्थ गर्न निजी वन राष्ट्रियकरण ऐन, २०१३ जारी गरियो । सो ऐनमा सबै प्रकारको जग्गा जमिनमा भएका वन जंगल र उक्त वन जंगल सिमाना भित्रको पर्ति जमिनलाई निजी वन भित्र परिभाषित गरिएको थियो । तर ऐनमा केही लचकता पनि अपनाइएको पाइन्छ, जस्तै :

(क) आवादी जग्गा जमिनमा बीच बीचको फाटफूट रुखहरु वा घर कम्पाउण्ड भित्र वा फरक रहेका फलफूलका बगैंचा र सो भित्रका अरु रुख वन जंगल मानिने छैन, र

(ख) उपत्यका र पहाडमा २५ रोपनीसम्म र तराईमा ५ विगाहासम्म जग्गा जमिनमा कसैले आफ्नै मेहनतबाट रुख लगाई पालेको भए त्यस्ता रुखहरु वन जंगल मानिने छैन ।

वि.सं. २०१६ मा विर्ता उन्मुलन ऐन, २०१६ जारी गरिएको थियो । यस ऐनले गर्दा निजी वनमा नकारात्मक असर पारेको भनिए पनि राष्ट्रिय वनलाई विभिन्न किसिमले लामो समयदेखि आफ्नो स्वार्थका लागि उपयोग गर्दै आएका राज्य संचालकहरुलाई भने निरुत्साहित गरेको थियो । साथै आदिवासी जनजातिहरु उपरोक्त निजी वन राष्ट्रियकरण ऐनबाट अन्यायमा परेको गुनासो पनि रहेको पाईन्छ ।

## ३. पंचायत काल (वि.स. २०१७ देखि २०४६):

यो कालखण्डमा सैद्धान्तिक रुपमा वनश्रोत व्यक्ति र सरकारको स्वामित्वमा रह्यो । वन विनाशलाई रोक्न सरकारले **वन ऐन, २०१८** जारी गरेको थियो । यस ऐनको दफा ३३ मा कुनै व्यक्तिले आफ्नो हक भोगको जग्गामा निजी वन लगाउन सक्नेछ र यस्तो निजी वनको वन पैदावार निजी वनको धनीले आफु खुसी गर्न पाउने छ भन्ने प्रावधान थियो । साथै, दफा ३९(क) मा निजीवनको धनीलाई सुविधा र प्राविधिक सल्लाह दिने र निजीवनको सुरक्षा र व्यवस्था गर्ने नियम सरकारले

बनाउन सक्नेछ भन्ने उल्लेख थियो । वन ऐन, २०१८ ले वन वाटिकाको व्यवस्था गरेको थियो ।

राष्ट्रिय वन योजना, २०३३ ले निजी वन विकासमा टेवा पुऱ्याउने कार्यनीति तय गरेको थियो । वि.स. २०३९ ताका लागू भएको तराई सामुदायिक वन विकास परियोजनाले तराईमा निजी वन विकासमा व्यापक सुधार ल्याएको थियो । हाल तराईका निजी फाँटहरुमा जेजति हैसियतमा वन रहेको छ, यो सोही परियोजनाको योगदान रहेको स्थानीयवासी बताउँछन । त्यसपछि वृहत वन नीतिको आवश्यकता मुलुक भित्र र सहयोगी निकायबाट महशुस गरियो । तत्पश्चात वन विकास गुरु योजना, २०४५ (वि.सं. २०४५।४६ देखि २०६७।६८ सम्म) तयार भई वि.स. २०४७ मा नयाँ सरकारवाट अनुमोदित गरियो । यसमा सामुदायिक तथा निजी वन विकास कार्यक्रमलाई पहिलो प्राथमिक कार्यक्रमका रुपमा राखिएको पाइन्छ । गुरुयोजनामा चक्लावन्दी वृक्षारोपण गर्न प्रयोग गरिएको निजी जग्गाको मालपोत घटाउने, वन्यजन्तु उत्पादनको निम्ति राखिएको निजी जग्गाको हदवन्दी बढाउने, निजी नर्सरी र वृक्षारोपणको निम्ति कम व्याज दरमा आर्थिक सहयोग उपलब्ध गराउने, विरुवा तथा वृक्षारोपणका लागि अन्य सामग्री उचित मूल्य लिई व्यापक रुपमा वितरण गर्ने र सूचना, प्रचार प्रसार, तालिम र शिक्षाको बिस्तार गर्ने कार्यनीति राखेको थियो । साथै, वन नीतिमा छिटो बढ्ने जातका र वैकल्पिक वोट विरुवाहरुको अनुसन्धान र विकास गर्ने, वन पैदावारहरुको आन्तरिक व्यापार र ढुवानीमा कुनै प्रतिवन्ध नलगाउने, वनमा आधारित उद्योगको नविकरण, उत्पादकत्वमा सुधार, विस्तार र प्रदुषण नियन्त्रण सुविधाको व्यवस्था गर्ने, कम व्याजदरमा आर्थिक श्रोत उपलव्ध गराउने रहेका थिए । वन नीतिमा उच्च मूल्य अभिबृद्धि भएका पैदावारहरुको निकाशीलाई निरुत्साहित गर्ने महत्वपूर्ण कुराहरु समेटेको पाईन्छ ।

## ४. प्रजातन्त्र पुनस्थापना पश्चात (वि.स.२०४७ देखि २०६२):

नेपाल अधिराज्यको संविधान, २०४७ निर्माण पश्चात विभिन्न कानून जारी भए । यसैक्रममा, वन विकास गुरु योजनाका नीति, मर्म र भावना अनुरुप जारी भएको वन ऐन, २०४९ ले पूर्ण वा आंशिक रुपले रुखहरुले ढाकिएको क्षेत्रलाई वनका रुपमा परिभाषित गर्दै स्वामित्वका हिसावले वनलाई २ किसिममा (राष्ट्रिय वन र निजी वन ) वर्गीकरण गरियो । उक्त ऐनको दफा २(ट) अनुसार निजी वन भन्नाले प्रचलित कानून बमोजिम *कुनै व्यक्तिको हक पुग्ने निजी जग्गामा लगाई हुर्काइएको वा संरक्षण गरिएको वनलाई सम्झनु पर्दछ* भनेको छ । दफा ३८ मा निजी वनको धनीले आफ्नो इच्छा अनुसार निजी वनको विकास, संरक्षण व्यवस्थापन गर्न तथा वन पैदावारको उपयोग गर्न वा मूल्य निर्धारण गरी विक्री वितरण गर्न सक्ने प्रावधान छ । दफा ३९ अनुसार निजी वन दर्ता गराउन चाहने कुनै व्यक्ति वा संस्थाले जिल्ला

वन कार्यालयमा निवेदन गरेमा आवश्यक लगत खडा गरी जिल्ला वन अधिकृतले प्रमाण पत्र दिनेछ र निजी वन धनीलाई आवश्यक प्रारम्भिक सहयोग उपलब्ध गराउन सक्नेछ । दफा ४० मा बसोबास वा पुनर्वास गरिएका जग्गाहरुमा त्यस्तो जग्गा प्रदान गर्दाको समय देखि नै रहेको रुखहरु सरकारको स्वामित्वमा रहने र उक्त रुखहरु सरकारले यथासम्भव चाडो हटाउनु पर्ने उल्लेख छ । सरकारको ईजाजत बिना रुखहरु हटाउने व्यक्तिलाई राष्ट्रिय वन सरह सजाय हुने प्रावधान छ । वन ऐन, २०४९ कार्यान्वयन गर्न वन नियमावली, २०५१ जारी भएको थियो जसलाई निजी वन विकास निर्देशिका, २०६८ले अझ प्रष्ट पारेको छ । यसैगरी, राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ दफा ३ (ख) मा मध्यवर्ती क्षेत्र भित्रमा रहेको जनताको भूस्वामित्वलाइ कुनै असर पारिने छैन भनि स्पष्ट उल्लेख गरिएकाले मध्यवर्ती क्षेत्र भित्र रहेका निजी वनको स्वामित्व पनि व्यक्तिको नै रहेको हुन्छ । तरपनि सवै क्षेत्रमा निजीवन दर्ता गर्दा पुरुषको नाममा दर्ता गरिने परिपाटी रहेको छ र महिलालाई निजी वनको स्वामित्ववाट पन्छ्याइएको छ ।

स्थानीय स्वायत्त शासन ऐन, २०५५ र नियमावली, २०५६ मार्फत भू-उपयोग सम्बन्धी विषयमा स्थानीय निकायलाई जिम्मेवार बनाइएको देखिन्छ । यस ऐन तथा नियमावलीले भू-उपयोग योजना तयार गर्ने, भूमि स्रोत नक्सा तयार गर्ने, पर्ति जग्गा र डाँडा, भीर पाखोमा वृक्षारोपण गर्ने, सांस्कृतिक सम्पदा क्षेत्रको जगेर्ना गर्ने, भू-क्षय र नदी नियन्त्रण गर्न आवश्यक योजना बनाउने, वन, वनस्पती र जैविक विविधता संरक्षण गर्ने, सार्वजनिक सरकारी जग्गाको अतिक्रमणमा रोक लगाउने जस्ता कार्यमा स्थानीय निकायलाई जिम्मेवार बनाएको छ । भू-उपयोग सम्बन्धि व्यवस्थालाई अझ बढी प्रभावकारी रुपमा कानूनी दायरामा ल्याउन वि.सं. २०५८ मा भूमी सम्बन्धि ऐन, (२०२१) मा पाचौं संशोधन र बि.सं. २०६० मा भूमी सम्बन्धि नियम, (२०२१) मा चौधौं संशोधन गरी विभिन्न प्रावधानहरु थप गरिएका छन् । सो बमोजिम भू-उपयोग परिषद्‌को गठन गर्ने, उपयोगको आधारमा जमीनको वर्गीकरण गर्ने, एउटा उपयोगमा भएको जमीन अर्को उपयोगमा प्रयोग गर्न नपाइने, भू-उपयोग कार्यक्रम संचालन गर्ने, जग्गाको खण्डीकरण नियन्त्रण र चक्लावन्दीलाई प्रोत्साहन दिने जस्ता व्यवस्थाहरु रहेका छन् ।

निजी वन र समग्र वन विकासको लागि सहयोग गर्ने आधिकारिक निकाय वन तथा भू-संरक्षण मन्त्रालय हो । यस मन्त्रालयको अवधारणा पत्र-२०५६ मा तराई र भित्री मधेशका निजी जमिनमा रुखहरु लगाई हुर्काउने र काठ दाउराको आपुर्ती गर्ने प्रयास र प्रयत्नलाई सघाउने उल्लेख छ । सन २००१ देखि सुरु भएको तराई तथा शिवालिकको लागि जैविक विविधता क्षेत्र कार्यक्रमको क्षेत्रीय सहयोग इकाई हेटौडाको सन २०११ को प्रतिवेदनले सकारात्मक सन्देश दिएको छ । सन २००७ देखि २०१० सम्मको विस्तारित चरणको प्रगति प्रतिवेदन अनुसार १ सय अठहत्तरबाट निजी तथा सार्वजनिक नर्सरी निर्माण भएर ९७ लाख विरुवा उत्पादन र

रोपण भएको थियो । उक्त अवधिमा ६सय बाईस वटा समूह मार्फत ६ सय हेक्टर निजी जग्गामा वृक्षारोपण भएको छ ।

## ५. लोकतान्त्रिक गणतन्त्र स्थापना पश्चात (वि.स.२०६३ देखि हालसम्म):

नेपालको अन्तरिम संविधान, २०६३ ले सम्पत्तिको स्वतन्त्र हक कायम गरेको छ । वन क्षेत्रको लोकतान्त्रिकरण, सुशासन र दीगो विकासका लागि वि.स. २०६३ सालमा गठित कार्यदलको प्रतिवेदन २०६५ र वन क्षेत्रका सरोकारवालाहरुको सहभागितामा हालसम्म भएका पाँचवटा सामुदायिक वन राष्ट्रिय गोष्ठिहरुमा खास गरी वि.स. २०६५ मा सम्पन्न पाँचौं सामुदायिक वन राष्ट्रिय गोष्ठिले निजी वनको विकासलाइ जोड दिएको छ । जिल्ला वन अधिकृतहरुको राष्ट्रिय गोष्ठि,२०६६ ले सरकारी, निजी, समुदाय र साझेदारी प्रणालीवाट वन क्षेत्रको सक्रिय व्यवस्थापन मार्फत राष्ट्रिय अर्थतन्त्रमा टेवा दिन र वातावरणको दीगो संरक्षणमा जोड दिन, निजी जग्गामा लगाउन सकिने छिटो बढ्ने र सजिलै विकी हुने जातका जडिवुटी र प्रजातीका वनस्पती विभाग र वन अनुसन्धान तथा सर्भेक्षण विभागले प्राथमिकताका साथ अनुसन्धान गर्दा प्रचार प्रसारका लागि जिल्ला वन कार्यालयलाई जानकारी उपलब्ध गराई सो को कार्यान्वयन गर्ने लगायत विभिन्न २८ वटा वुँदाको निष्कर्श निकालेको थियो ।

बृक्षारोपण लगायतका वन विकासका लागि वि.सं. २०६४ मा वन विकास कोष खडा गर्ने गरी काठ खरिद गर्दा काष्ठ व्यवसायीले थप रु ५ प्रति क्युफिट सरकारलाई बुझाएको पाइन्छ । यसैंगरी, निजी तथा संस्थागत वृक्षारोपणका लागि आर्थिक सहायता दिने कार्यविधि, २०६७ मा एक विरुवा एक व्यक्ति वृक्षारोपण गर्ने सरकारको नीतिलाई टेवा दिन निजी वन विकास गरी रोजगारी श्रृजना गर्ने उद्धेश्य राखिएको थियो । राष्ट्रिय वनमा परेको चाप न्यून पार्न किसानलाई कार्वन भुक्तानीमा सरिक गराउन र निजी वनको व्यवसायिक विकास गर्न आर्थिक प्रोत्साहन गर्ने गराउने लक्ष्य राखिएको थियो ।

निजी वन विकास निर्देशिका, २०६८ ले निजी वन विकास र प्रवर्द्धनका लागि परिवर्तित अवस्थामा बाटो खोलेको छ । जडीबुटी तथा गैह्न काष्ठ वन पैदावार निजी वनमा समाबेश गर्न पाइने, निजी वन दर्ताको प्रक्रियामा ३० दिन भित्र छानविन कार्य सम्पन्न गर्नुपर्ने, इलाका वा रेन्जपोष्टमा जडीबुटी तथा गैह्न काष्ठ वन पैदावार निजी वनमा समाबेश भएको अभिलेख दर्ता गर्न सकिने, न्यूनतम ७ जना भएको निजी वन धनी मिली एउटा निजी वन समुह गठन गर्न सक्ने, विधान र निजी वन समुहको कार्ययोजना सहितको निवेदन उपर जि.व.का. ले १५ दिन भित्र छानविन गराउन सक्ने जस्ता प्रावधान निर्देशिकामा उल्लेखित छ । निजी वन समुहको संजाललाइ जिल्ला स्तरमा जि.ब.का., क्षेत्रीयस्तरमा क्षेत्रीय निर्देशनालय राष्ट्रियस्तरमा वन विभागले सूचीकृत गरिदिने, निजी वन धनीहरु वा समुहहरु मिली

सहकारी ऐन, नियम अनुसार सहकारी गठन तथा दर्ता गर्न सक्ने, निजी वनमा प्राबिधिक सहयोगको गुणस्तर नियन्त्रण प्राविधिक समितिले गर्ने, प्रत्येक जिल्लामा वन विकास सम्बन्धि काम गर्ने संघ संस्थाहरुको पहिचान तथा छानविन गर्न, आवश्यक प्राविधिक सहयोग उपलब्ध गराए वापतको सेवा शुल्क तोक्नुका साथै अन्य आवश्यक कुराहरु व्यवस्था गर्न जिल्ला वन कार्यालयको अधिकृत स्तरको वन प्राविधिक को अध्यक्षतामा जिल्ला वन क्षेत्र समन्वय समितिले तोकेको २ जना सदस्य रहेको एक प्राविधिक समिति जिल्ला वन कार्यालयले गठन गर्नेछ । उक्त समितिले आवश्यक ठानेमा नापी शाखाको प्राविधिक कर्मचारीको सहयोग माग गर्न सक्नेछ ।

निजी वन धनीले आफनो निजी वनको रुख कटानी गर्नु पर्ने भएमा सम्वन्धित गाँउ विकास समिति वा नगरपालिकाको सिफारिस साथ कटान गर्नु भन्दा कम्तीमा एक दिन अगाडि जिल्ला वन कार्यालय वा इलाका वन कार्यालय वा रेन्जपोष्टलाइ जानकारी दिई कटान गर्न सक्नेछ । व्यवसायीक प्रयोजनको लागि कटान गरिएका रुखहरुको संख्या, प्रजाती, आयतनको जानकारी जिल्ला वन कार्यालयमा निजी वन धनीले उपलब्ध गराउनु पर्नेछ । दर्ता नभएको निजी वनको हकमा रेन्जपोष्टवाट छानवीन गराएर जिवका बाट इजाजत लिनु पर्नेछ । निजी वन धनीले आफनो निजी वन को काठ दाउरा निजी वन रहेकै ठाँउमा प्रयोग गर्नु पर्दा जिल्ला वन कार्यालयको इजाजत लिनु पर्ने छैन । जिल्ला बहिर ओसार पसार गर्दा गाविस वा नगरपालिकाको सिफारिस लिई गर्न सक्नेछ । काठ दाउराको लगत रेन्जपोष्ट बाट प्रमाणित गराएको हुनु पर्नेछ । दर्ता नभएको निजी वनको काठ दाउरा जिल्ला भित्र ओसार पसार गर्दा सम्बन्धित रेपोको सिफारिसमा जिल्ला वा इलाका वन कार्यालयको इजाजत लिनु पर्नेछ । निजी वनको काठ दाउरा जिल्ला बाहिर ओसार पसार गर्दा सम्बन्धित रेपो वा इबकाको सिफारिसमा जिल्ला वन कार्यालयको इजाजत लिनु पर्नेछ । जिल्ला वन कार्यालयबाट प्रमाणित ऐलानी, पर्ति तथा सरकारी वन क्षेत्रमा नपाइने प्रजातीका काठ दाउराको ओसार पसार जिल्ला बाहिर गर्नु पर्दा जिल्लामा रहेको चेकपोष्टमा निजी वन धनीले पेश गरको काठ दाउराको लगत दरपीठ गराइ लैजान सकिनेछ । जिल्ला बाहिर ओसारपसार गर्दा निजी वनको काठमा जिबकाले टाँचा लगाई सम्पूर्ण प्रकृया पुरा भएको ३ दिन भित्र इजाजत दिनु पर्ने लगायतका निजी वन बारे थप विविध व्यबस्था गरेपनि यो निर्देशिका कार्यान्वयनमा भने आउन सकेको छैन ।

यसैगरी, नेपालको वन सर्वेक्षण तथा मापन कार्यमा विगतमा राष्ट्रिय वन मात्र गणना गरिएको थियो । तर सन २०१० देखि २०१४ मा संचालन भइरहेको वन श्रोत मापन परियोजना नेपालले राष्ट्रिय वन वाहेकका वनको पनि गणना गरिने लक्ष्य राखेको पाइन्छ । वन क्षेत्रमा लैगिक तथा सामाजिक समाबेशीकरण रणनीति २०६५ कार्यान्वयनमा रहेको छ । वन डढेलो व्यवस्थापन पनि महत्वपुर्ण कार्य भएकोले वन डढेलो व्यवस्थापन रणनीति, २०६७ कार्यान्वयनमा ल्याइएको पाइन्छ । साथै, जलवायू

परिवर्तन नीति २०६७ र तेह्रौ योजना (२०७०।७१–०७२।७३)को अवधारणा पत्रमा वन तथा भू संरक्षण मन्त्रालयको कार्यनीति समेतमा जलवायू परिवर्तनका कारणले पर्नसक्ने संभावित जोखिमको आंकलन गरी आवश्यक र उपर्युक्त अनुकुलन एवम जोखिम व्यवस्थापनका कार्यक्रम सञ्चालन गरिनेछ भन्ने प्रतिवद्धता रहेको छ । हालै उक्त कुरालाई ध्यान दिई वन क्षेत्रमा जलवायू परिवर्तका कारणले पर्न सक्ने संभावित जोखिम न्यूनीकरण गर्न  रणनीति निर्माण हुदै गरेको वन तथा भूसंरक्षण मन्त्रालय अन्तर्गत रेड फरेष्ट्रि तथा जलवायू परिवर्तन इकाईले जनाएको छ । उपरोक्त नीति र रणनीतिहरु निर्माण र कार्यान्वयनमा निजी वनको भूमिकालाई पनि उचित स्थान दिईने विश्वास गरिएको छ ।

मध्य तराईमा गरिएको मसला ९भ्अयष्ठितगक० को मूल्य श्रृखला अध्ययन अनुसार १५ वर्ष अघि घरायशी प्रयोजनका लागि निजी जग्गामा मसला खेती गरिएपनि पछि नगदे वालीका रुपमा दाउरा र पोलमा परिणत भएको थियो । रौतहट, सर्लाही, महोत्तरी र धनुषा जिल्लाहरुमा आव २०६४।६५ र २०६५।६६ मा जिबकाहरुको नर्सरीमा ५,९०,००० वटा र निजी नर्सरीमा ११,१०,००० वटा मसलाका विरुवा उत्पादन गर्ने लक्ष्य रहेको थियो । यसले व्यापारी र औद्योगिक उपभोक्तालाई आकर्षण गरेको पाइयो । उत्पादन पूर्वचरण, उत्पादन चरण, र उत्पादन पश्चातको चरणमा कार्य भएको र सहजीकरण गर्ने सस्था, बजार, गरीवि न्यूनीकरणमा मसलाको सवलपक्ष, मसलाका मूल्य श्रृखलामा शासकीय अवस्थाबारे अध्ययन गरिएको पाइन्छ ।

## निजी वन प्रवर्द्धनका मुख्य सवल पक्षहरु र चूनौतीहरु

### निजी वनका मुख्य सवल पक्षहरु

क) नीतिगत व्यवस्था : नेपालको अन्तरिम संविधान, २०६३ ले सम्पत्तिको स्वतन्त्र हक कायम गरेको पाइन्छ । वन विकास गुरु योजना, २०४५ ले निजी वनलाइ पहिलो प्राथमिक कार्यक्रममा स्वीकार गरेको छ। वन ऐन २०४९ मा निजी वनको स्थापना गर्न पाईने प्रावधान छ। निजी वन विकास निर्देशिका, २०६८ केही उदार रहेको पाइन्छ। राष्ट्रिय भू उपयोग नीति, २०६९ ले पनि निजी वनको व्यवस्था गरेको छ । वन पैदावार प्राधिकरणको अवधारणा आएको छ । यिनै अवधारणा अनुरुप वन ऐन निर्माण भएमा निजीवन प्रवर्द्धनमा उपयोगी हुनसक्ने देखिन्छ।

ख) संस्थागत व्यवस्थाः वन विभागको निःशुल्क विरुवा वितरण नीति कार्यान्वयनमा रहेको छ। निजी जग्गामा वृक्षारोपण गर्ने कार्य बढ्दै गएको छ । जनचेतना बढदै गएको छ। वन पैदावार कटान, संकलन, ओसार पसार र विक्री कार्यमा सहयोग गर्न रेन्ज पोष्ट , इलाका र जिल्ला वन कार्यालयको व्यवस्था गरेको छ। व्यवस्थापनका लागि किसान, नियमक, उद्योग व्यवसायी र सहजकर्ताको क्षमतामा क्रमस अभिबृद्धी हुदै गएको छ।

ग) भौतिक उपलब्धीः हालसम्म २४५५ वटा निजीवन दर्ता भइ २३६० हेक्टर निजी वन स्थापना भएको छ। निजी वनबाट काठ र दाउराको उपलब्धता हुदै गरको छ। निजी नर्सरीहरु स्थापना हुदै गएका छन्।

घ) आर्थिक व्यवस्थाः नेपाल विश्व व्यापार संगठनको सदस्य भएको छ । व्यवसायीहरु निजी वन विकासमा उत्सुक रहेका र व्यवसायीहरुले वन विकास कोष खडा गर्न सहयोग गरेका छन । केही उद्योग स्थापना भै संचालनमा रहेका छन । निजी वनबाट भएका आयआर्जन किसानसम्म केहि हदसम्म पुगेको छ।

ङ) नेपाल सरकारको लैगिंक तथा सामाजिक समावेशी रणनीतिः नेपालको अन्तरिम संविधान, २०६३ तथा तेह्रौ योजना (२०७०।७१–०७२।७३) ले राज्यका हरेक तहका संरचनामा महिलाको प्रतिनिधित्वलाई न्यूनतम ३३ प्रतिशत सहभागि गराउने प्रतिवद्धता जाहेर गरेको छ। तेह्रौ योजनाले विशेष गरि शासन प्रणालीको प्रत्येक चरण र विकास प्रक्रियाको सबै चक्रमा महिलाहरुको अर्थपूर्ण सहभागिता तथा आर्थिक र सामाजिक अवस्थामा अभिवृद्धि गर्ने रणनीति लिएको छ । वन क्षेत्रको लैगिक तथा सामाजिक समाबेशीकरण रणनीति २०६५ ले वनक्षेत्रको संरचना, नीति, नियम, कार्यक्रम प्रक्रिया तथा वन क्षेत्रवाट प्राप्त हुने श्रोत तथा फाइदाको वितरण र निर्णय

प्रक्रियामा लैगिक तथा सामाजिक समावेशीको दृष्किोणले संवेदनशील तथा सकारात्मक परिवर्तन तर्फ उपलब्धी हासिल गर्ने दीर्घकालिन लक्ष्य राखेको छ । यी नीतिगत प्रावधानहरु निजी वन विकास, सम्वर्द्धन तथा प्रर्वद्धन प्रक्रियामा महिला तथा पछाडि परेका वर्गहरुको सहभागिता तथा उनीहरुको आर्थिक तथा सामाजिक हैसियतमा परिवर्तन ल्याउनको लागि सहयोगी नीतिगत प्रावधान तथा असरहरु हुन् ।

## निजी वन प्रवर्द्धनका चूनौतीहरु

निजी वन प्रवर्द्धनका लागि संलग्न व्यक्ति र उद्यमी तथा किसानहरुको आ आफ्नै खाले अपेक्षाहरु छन् । जस्तै माटो परीक्षण, असल वीउ, स्वस्थ विरुवा, छिटो वढ्ने बहुउपयोगी बहुजातीय विरुवाका प्रजातीहरु सहजै उपलब्ध हुन नसक्नु चूनौतीका रुपमा देखिएका छन् । यस्तै सिंचाई, तारवार, रोग निदानका लागि औषधि छिटो उपलब्धता, प्रजाती अनुसार क्षमता र सीप उपलब्धता, वन संबर्द्धन र व्यवस्थापनको लागि टेवा, अनुदान, विमा, वन पैदावारको बजारमा सहज पहुँच र चुस्त प्रशाासनिक र प्राविधिक सेवा प्रवाह निजी वनमा संलग्न व्यक्तिहरुको चाहना हो । निजी वन प्रवर्द्धनमा महिलाको पहुंच, क्षमता, ज्ञान, भूमिका तथा सवालहरुलाई पहिचान गर्दै महिला पनि निजी वनका मालिक हुन् भन्ने दृष्टिकोणको विकास गरि निजी वन मार्फत उनीहरुको आर्थिक तथा सामाजिक शसक्तिकरण गर्न धेरै मेहनत तथा लगानी गनुपर्ने  देखिन्छ । उल्लेखित बिषयहरुको उपलब्धता सहज देखिदैन ।

## १. उत्पादन पूर्वका अड्चन

### क) परिभाषामा नै अन्यौल

जग्गा धनी र निजी वन उद्यमीहरु निजी वन विकासका लागि जमिन र लगाइने वीउ विजनका बारे स्पष्ट हुन सकेका छैनन । किनकि, वन भन्नाले पूर्ण वा आंशिक रुपले रुखहरुले ढाकिएको क्षेत्र बुझिन्छ । छातीको उचाईमा ३० से.मि. भन्दा बढी ब्यास भएको वोट विरुवालाइ रुखको परिभाषामा राखिएको छ । निजी वन विकास निर्देशिका, २०६८ मा उल्लेख भए पनि निजी वनमा औषधिमुलक र सुगन्धित वनस्पतीको खेती बारे वन नियमावली २०५१ ले केहि बोलेको छैन ।  के वारीको डिल, पोखरीको डिल, चिया वा कफि खेतीको रुख वा चरण क्षेत्रका रुखलाइ निजी वनको परिभाषाले समेट्छ ? यसबारे भने अझै द्धिविधा रहेको कारण किसान र व्यवसायीहरुले अलमल व्यहोर्नु परेको छ ।

वन ऐन, २०४९ ले वन पैदावारमा पशुपंक्षी र वन्यजन्तु समेतलाई समेटेको छ । तर निजी वन सम्बन्धमा पशुपंक्षी तथा वन्यजन्तुको उपयोग गर्ने प्रकृया बारे कुनै व्यवस्था गरिएको पाइदैन, त्यस सम्बन्धि विवाद श्रृजना भएमा

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ बाट हेर्ने गरिएको छ । साथै, निजी वन विकासवाट हुने वातावरण संरक्षण वापत के कति फाइदा व्यक्तिले पाउँछ ? कुनै प्रावधान छैन ।  राष्ट्रिय भू उपयोग नीति, २०६९ ले ६ किसिमको वर्गिकरण भित्र थप सम्भावित विकासका क्षेत्र पहिल्याउन सकेन । यसको कार्यान्वयनवाट निजी वन विकासका लागि कति सहयोग पुऱ्याउने हो ? स्पष्ट छैन ।

## ख) वीउ/विरुवाको गुणस्तर

वीउ वा विरुवा विना निजी वन विकास हुन सक्दैन । असल वीउ र उन्नत विरुवा प्राप्तिका लागि सरकारी निकाय नगन्य (केन्द्र र क्षेत्रमा मात्र सिमित) छन । निजी वन विकास निर्देशिका,२०६८ मा जिल्ला वन कार्यालयले विरुवा अनुगमन गर्ने भनिएको छ, तर वन वीउको  परीक्षण र  प्रमाणिकरणको व्यवस्था छैन । जसले गर्दा वन खेती जोखिममा नै छ । अर्कोतर्फ, सरकारी सक्रियतामा स्थापना भएका कृषि वन सहकारी (इलाम, मकवानपुर, कास्की) पनि सँस्थागत हुन सकेको छैन । निःशुल्क विरुवा वितरण भएतापनि यातायातका कारण ओसार पसार गर्न नसकेर निजी वन बिकासमा अवरोध देखिन्छ । साथै, वितरण गरिएको विरुवाको गुणस्तर र नर्सरीका लागि पनि कमसल वीउ प्रयोग गरिने हुँदा वन विकासको सुनिश्चितताबाट जनता टाढा रहेका छन् । कतिपय स्थानमा देखासिकी गरी विरुवा प्रजाति छनौट गरेकोले पनि अपेक्षा अनुसार वन विकास भएको पाइदैन । माग वमोजिम प्रजाती र साइजका विरुवा उपलब्ध नहुने हुदा झन डरलाग्दो स्थीति हुन्छ । जैविक विविधता संरक्षणमा, विशेष गरि स्थानिय वीउ तथा विरुवा संरक्षणमा ग्रामिण महिलाको महत्वपूर्ण भूमिका रहेको कुरा नेपाल जैविक विविधता रणनीति २००२ ले प्रतिपादन गरे तापनि असल वीउ र उन्नत विरुवा उत्पादन सम्वन्धि तालिममा महिलाको सहभागिता तथा उनीहरुको स्थानिय ज्ञानलाई पहिचान गर्न सकेको छैन ।

## ग) विषेश कार्यक्रम, उच्चस्तरको तालिम र प्रचार प्रसार संचालन नहुनु

कूल उर्जा खपतको ७५.९३% दाउरा प्रयोगमा रहे तापनि वन नभएका स्थानमा बृहत कार्यक्रम तर्जुमा गरी उपक्षेत्र वा गाविस अनुसार निजी वन विकासमा लगानी नगरिएकोले निजी वन फस्टाउन सकेको छैन । निजी वन विकास व्यवस्थित रुपमा अलग्गै कार्यक्रम र निजी वन लगाउन चाहने कृषकहरुको भिन्दाभिन्दै समूह बनाई संस्थागत विकास हुन सकेको छैन । तालिम, भ्रमणका कार्यक्रममा पनि कुनै ठोस र विशेष कार्यक्रम नहुँदा जनता मर्कामा परेका छन् । त्रिवर्षीय योजना ०७०/०७१-२०७२/०७३ मा निजी वन प्रबर्द्धनको लागि ठोस कार्यक्रम रहेको छैन । वन तथा भू संरक्षण मन्त्रालय अन्तरगतका विभागहरु र कार्यालयहरुले कृषकहरुलाइ क्षमता र सीप विकासका तालिम प्रदान गरिरहेको छ । वनस्पति विभागले कृषक सहजकर्तालाई तालिम दिन्छन । तर निजी वन विकासको लागि आवश्यक सवै पक्ष समेटेर उच्चस्तरको तालिमको व्यवस्था भने हुन सकेको पाइदैन ।  वन विकासमा

भएका अध्ययनको नतिजा सार्वजनिक गर्ने र जग्गावाला किसानसम्म पुऱ्याउने तथा उनीहरुले बुझ्ने भाषामा प्रचार प्रसार नहुँदा विगतका अध्ययनको लगानी खेर गएको छ भने नयाँ नयाँ क्षेत्रमा अध्ययन नहुदा किसानले अध्यारोमा ढुंगा हाने जस्तो अवस्था व्यहोर्नु परेको छ । जस्तै सिसा, पौलेनीया, कपोक, मसला, लहरे पिपलका बृक्षारोपण । वन तथा भू संरक्षण मन्त्रालय अन्तरगतका विभागहरु र कार्यालयहरुले कृषकहरुलाइ तालिमहरु प्रदान गरिरहेको भएतापनि तालिमहरु लैगिंक हिसावले संम्वेदनशील हुन सकेका छैनन् र तालिमहरुमा वन व्यवस्थानमा लैगिंकताका सवालहरु छलफलको रुपमा राखिने परिपाटी कमै वसेको छ ।

## घ) न्यून निजी वन स्थापना र अनुगमनको कमी

सामुदायिक वनको अवधारणा आउनु भन्दा पहिलेदेखि निजी वनको अवधारणा भएपनि न्यून निजी वन दर्ता हुनु लाजमर्दो विषय बनेको छ । वन विकास गुरु योजना २०४५मा निजी वन स्थापना ३,२५,००० हेक्टर लक्ष्य राखिएको मा योजना अवधिमा जम्मा २,३६० हेक्टर मात्र निजी वन दर्ता भएको छ । डानिडाको सहयोगमा रुखको बीउ सम्बन्धी दिग्दर्शन, २०५४ मा प्रकाशन भएपनि कानुनी मान्यता पाउन नसकेको र मौजुदा दिग्दर्शन पनि कार्यान्वयन फितलो देखिन्छ । निजी वनको सम्भाव्यता अध्ययनमा सरकारको ध्यान नजानु दुर्भाग्य हो । निजी वनलाई पूर्ण सहयोग दिन सक्ने गरी रेन्जपोष्ट र इलाका वन कार्यालय वा सेक्टर कार्यालयतहमा वनको संगठनलाई सुदृढीकरण नहुनु पनि अर्को कारण हो । विरुवाको प्रजाती र रोपण स्थान तालमेल नहुने कारण विरुवा रोपण व्यर्थ हुन्छ । विरुवा वितरणको अनुगमन भएको पनि प्राय पाइदैन ।

## ङ) प्रजाती प्रतिवन्ध

संकलन, उपयोग, बिक्री, वितरण र विदेश निकासी प्रतिबन्धित रुख र जडिबुटिमा ओखर, झ्याउ, पाँच औले छन । देश भित्र सारतत्व एकीन नगरी विदेश निकासी प्रतिवन्धितमा जटामसी, तालिसपत्र, लौठसल्ला, सुगन्धवाल, सुगन्धकोकिला, सर्पगन्ध र यार्सागुम्वा (वाष्पीकरण, सम्पोष्ट) छन । व्यापारीक प्रयोजनको लागि कटान, ओसार पसार र विदेश निकासी गर्न प्रतिबन्धित तर व्यवस्थापन कार्य योजना भएका र प्राथमिकता प्राप्त आयोजनामा काट्न पाइनेमा साल, सतिसाल, विजयसाल, ओखर पछ (राजपत्र भाग ३ मिति २०५८।९।१६ र भाग ५ २०६७।९।२६) । प्रकाश लम्साल (२०६२) लेख्छन् - प्रजाती उपभोगमा प्रतिवन्ध लगाउनु भनेको मूल्यवान प्रजातीहरु निजी जग्गामा लगाउन र हुर्काउन समेत प्रतिवन्ध गर्नु सरह हो । निजी वनको चिलाउने वेच्न पाइन्छ, तर सोही वनको अझ मेहनत गरेर हुर्काएको ओखर, चाँप, सिमल बेच्न किन नपाइने ? प्रतिवन्धले पारेको नकारात्मक असरमा मूल्यवान प्रजातीको पुनरुत्पादन सम्बन्धित किसानले नै नष्ट गर्ने गरेको पाइएको छ । निजी वन विकास निर्देशिका, २०६८ को अनुसूची ३ ले केही प्रतिवन्धित रुख

विरुवाको बृक्षारोपणमा प्राथमिकता दिएपनि कतिपय रुख प्रजाती पहाडमा विजयसाल, सतिसाल, साल तथा तराइ र भित्री मधेशमा सतिसालको प्रजाती समेटेको पाइदैन ।

## २. उत्पादनका अड्चन

### क) वन संवर्द्धन र रोग निदान कार्यमा ध्यान केन्द्रित नहुनु

निजी वनको संवर्द्धन पक्ष कमजोर देखिएको छ । कुन प्रजातीलाइ के के उपचार गर्ने वारे कार्ययोजना तयार पारेर वन खेती नगरिनाले सम्वर्द्धन पक्ष ओझेलमा परी वनको उत्पादनमा नै असर परेको छ । रुपन्देही जिल्लामा दर्ता भएका ८३ निजी वनको अध्ययन गर्दा कुनै निजी वन धनीहरुले वन संबर्द्धन ९क्षीख्क्ष्त्रगीत्च्भ इएभ्च्ब्त्क्ष्इल्क० र वन व्यवस्थापन ९:ब्ल्ब्भ:भ्ल्त इएभ्च्ब्त्क्ष्इल्क० कार्य कुनै पनि गरेको पाइएन । तराइमा एकल प्रजाती बृक्षारोपण गर्नु र रोगका उपचारको व्यवस्था हुन नसक्नुले निजी वनमा अपेक्षा गरे अनुसार विकास नभएको देखिन्छ । नर्सरी र वृक्षारोपण गरिएका सिसौमा २३ प्रजातिका किरा, जमिनमा फ्युजिरियम, ढुसी ग्यानडोर्मा च्याउ जसका पातमा टाटा आदि रोगका कारण सिसौमा रोग लागी रुख नोक्सानी भएपछि सरकारप्रति नकारात्मक धारणा बढेको पाइन्छ ।

### ख) वन प्रमाणिकरणमा ध्यान नहुनु

वन प्रमाणिकरण र विक्रेताको श्रृखला प्रमाणिकरण आज विश्वव्यापी हुदै गएपनि नेपालमा यसका लागि चाहिने मापदण्ड र राष्ट्रिय निकाय नहुदा अन्यौल नै छ । दीगो वनबाट  उत्पादन भएको पैदावार हो होइन भन्ने सुनिश्चितता नहुनाले अन्तर्राष्ट्रिय वजारमा वनजन्य पैदावारको हाल भै रहेको गैरकाष्ठ वन पैदावारको व्यापार पनि धराशायी हुने खतरा देखिएको छ । यसवाट निजी वन को भविष्य अन्धकार नै छ । केही संघ-संस्थाले फरेष्ट स्टेवार्डसीप काउन्सिलको वन प्रमाणिकरण प्रकृया नेपालमा शुरु गरेकोभएपनि, निजीवनमा यो प्रक्रिया सुरुभएको छैन ।

## ३) उत्पादन पश्चातका चुनौती

### क) गरीव र जग्गा विहीनको समस्या सम्वोधन नहुनु

तीस वर्षको सामुदायिक वनको समीक्षा प्रतिवेदन अनुसार निजी जमीनमा व्यापक रुख संख्या बढेको छ । यो सबै जातीय समूह र सम्पन्नता स्तरीकरण गरिएका घरधुरी (ज्यादै गरीबको बाहेक) को जमिनमा छन् । प्रति घरधुरी ०.७ हेक्टर सामुदायिक वन पर्दछ । अझै काठ दाउराको माग र आपूर्ती बीच खाडल रहेको छ । उच्च पहाड, मध्य पहाड र तराईमा क्रमश: ७५, ४९ र ४० प्रतिशत माग पुरा भएको छ । विभिन्न वर्गहरु बीच काठको पहुँचमा भने फरक छ । अतिगरीव वर्गलाई

वन पैदावार माथिको पहुँच ज्यादै गाह्रो छ । तर धनी वर्गलाई निजी वनको वन पैदावार आपूर्तीले काठ दाउराको समस्या गम्भीर रहने देखिएन । विशेष गरि विपन्न महिलाहरु दाउरा तथा अन्य वन पैदावरको लागि सरकारी वन, संरक्षण क्षेत्र तथा सामुदायिक वन माथि निर्भर गनुपर्ने वाध्यता रहेको र यी विभिन्न वन व्यवस्थापन प्रणालीहरुका वन व्यवस्थापन योजनाहरु ती महिलाहरुका वन पैदावार सम्बन्धि आवश्यकता पूरा गर्ने तथा वन व्यवस्थापन मार्फत उनीहरुको आयआर्जन वढाउने मामलामा कमै सम्वेदनशील छन् । उचित निजी वन व्यवस्थापन मार्फत विपन्न घरधुरी तथा महिलाहरुको समृद्धिमा टेवा पुरयाउने दीर्घकालिन सोच वनाउन आवश्यक छ ।

## ख) वन ऐन परिमार्जनमा ढिलाई र प्रकृया झन्झटिलो

वन क्षेत्रको नीति,२०५७ ले तराई वनको व्यवस्थापन र सामुदायिक वनबाट राजश्व संकलन बारे नितीगत व्यवस्था गरेतापनि यस नीतिमा निजी वनको सन्दर्भमा चासो दिएको छैन । यस वन नीतिले निजी वन प्राथमिकता देखि बाहिरिएको देखिन्छ । वन ऐन, २०४९ को पहिलो संशोधन २०५५ मा निजी वनको विकासका सुधारका लागि कुनै पहल भएन । सोही वन ऐन, २०४९ दोस्रो संशोधनका लागि तयार पारिएको मस्यौदामा निजीवनको आवश्यक सुधारको प्रस्ताव तयार गरिएतापनि संशोधन हुन सकेको छैन । साथै वन पैदावार प्राधिकरण ऐन तर्जुमाको ढिलाइले पनि निजी वन धनी र व्यवसायीहरु निराश हुन पुगेका छन । निजी वन विकास निर्देशिका २०६८ ले कुन कार्यलाइ कति समयमा सम्पन्न गर्न पर्ने भन्ने उल्लेख छ । तर व्यवहारमा विविध परिपत्र, कर्मचारीको कार्यबोझ र उत्प्रेरणको कमीको कारण वन दर्ता प्रकृया लम्विन जाने गरेको  छ । प्रत्येक वन धनीको फायल औपचारिक प्रकृयामा जादा समय ज्यादा र खर्चिलो हुने भनेर कतिपय धेरै साना जमिन र थोरै रुख हुनेहरुले एउटै फाइल वनाउदा नाप जाँच र परिमाणमा शंका उठाउने गरिन्छ । साथै, निजी वन कटान, ओसारपसार र विक्री प्रकृयामा निजी वन, प्रहरी, गा.वि.स. लगायतका निकायहरुको प्रकृयामा संलग्नता र लामो प्रकृयाले गर्दा किसानको निजी वनतर्फ कम चासो हुदै गएको छ । वृक्षारोपण र कटानी बीचको खाडल रहनु निजी वनको प्रावधानको चुनौति हो । कटान र विक्री बीचको लामो समय लिने हुँदा जमिन त्यसै राख्नु पर्ने र काठको गुण पनि खस्कने हुँदा किसान मारमा परेको बताइन्छ (तालिका १) ।

**तालिका १ निजी वन दर्ता र उपभोग गर्दा लाग्ने अनुमानित समय**

| निजी वन दर्ता | नयां बृक्षारोपण | दर्ता भएको  निजीवनको वन पैदावार प्रयोग र काठ ओसार पसार | दर्ता नभएका निजी वनको वन पैदावार प्रयोग र काठ ओसार पसार |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १ देखि ३ महिना सम्म | १५ दिन देखि १ महिनासम्म | २ देखि ३ महिनासम्म | ३ देखि ४ महिनासम्म |

श्रोतः स्थलगत छलफल र अनुभवका आधारमा, २०७०

पुनश्चः हाल रेन्जपोष्टलाइ इलाका र इलाकालाइ सेक्टर कार्यालयमा नामाकरण गरिएको भएतापनि वन ऐन र नियमावलीमा अझै सशोधन भएको छैन ।

## ग) निजी वनको योगदानको विश्लेषणको अभाव

नेपालमा निजी वनको योगदानको वारेमा सरकारी र गैर सरकारी पक्षवाट अध्ययन र प्रतिवेदन प्रकाशन ज्यादै न्यून रहेको छ । निजी वनको काठ दाउरा के कति आन्तरिक खपत भएको छ सो को जानकारी पाउन गाह्रो छ । वन विभागवाट प्रत्येक वर्ष प्रकाशित हुने वार्षिक प्रतिवेदन हाम्रो वन नै निजी वनको योगदान झल्काउने एकमात्र दस्तावेज हो । विगत २० वर्ष देखि वन विभागले वार्षिक प्रतिवेदन मार्फत निजी वनको काठ दाउरा समेतको विवरण प्रकाशित गर्दै आएको पाइन्छ । तर प्रतिवेदन प्रकाशनका पहिलो ५ वर्ष अर्थात (आ.ब. २०४९।५० देखि आ.ब. २०५३।५४) निजी वनको तथ्यांक रहेको पाइएन । दोश्रो ५ वर्ष देखि (आ.ब. २०५४।५५ देखि आ.ब. २०५८।५९) काठको परिमाण मात्र उल्लेख गरिएको छ । आ.ब. २०५९।६० देखि आ.ब. २०६८।६९ सम्मको काठ, दाउरा को परिमाण तथा मूल्य अभिबृद्धी करको रकम (आ.ब. २०५८।५९ वाहेक) उल्लेख गरिको पाइन्छ । जस अनुसार आ.ब. ०५४।५५ मा ११,९२,४५२ क्युफिट काठ र २०६९ चट्टा दाउरा विक्री भएको देखिन्छ भने आ.ब. २०६८।६९ मा ३१,१३४०४ क्युफिट काठ र ४८४३ चटा दाउरा विक्री भएको रेकर्डले देखाउछ (वन विभाग, २०७०) । प्राप्त रेकर्ड मध्ये सवैभन्दा बढी काठ आ.व. ०६२।६३ मा ६,३४,३२४ क्युफिट र सवैभन्दा कम काठ आ.ब. २०५७।५८ मा ११०४६५६ क्युफिट र दाउरा सवैभन्दा बढी आ.ब. २०६४।६५ मा ३१५० चट्टा र सवैभन्दा कम आ.ब. २०६३।६४ मा २२६ चट्टा विक्रि भएको देखिन्छ । यसवाट पनि निजी वनको योगदानको मूल्यांकन गर्न सकिन्छ । तर उक्त तथ्यांक कुन जिल्ला, कुन गाविस वा नपा, प्राकृतिक वा बृक्षारोपण के बाट प्राप्त भएको हो ? कुन कुन जातका वनस्पती थिए ? प्रति हेक्टर विरुवा, वल्ला वल्ली, र रुख कति थियो ? जग्गाधनीको लैगिक र जातीय विश्लेषण के हो ? कति घरधुरीको निजीवनमा रुख काटिए ? कति वटा कुन जातका रुख कति मध्य कति काटिएको थियो ? कति आन्तरिक खपत भयो ? वाह्य कति विक्री भयो ? र प्रति घरधुरी के कति आम्दानी भयो ? के मा प्रयोग भयो दाउरा, घर निर्माण, सार्वजनिक स्थल निर्माण, के कति काटिएको स्थानमा पुन रोपियो ? कुन जातका विरुवा रोपियो ? निजीवनवाट प्राप्त आम्दानीवाट कति प्रतिशत रकम महिला सदस्यको पहुँचमा पुग्यो, निजीवनले स्थानिय तहमा कस्लाई कति मात्रामा रोजगारी दिन सफल भयो,

निजीवन प्रवर्द्धनमा कार्यान्वयन तथा नीतिगत तहमा लैगिंक सवाल तथा अवसरहरु के के छन्, आदि विवरण र विश्लेषण भने देखिदैन ।

एक प्रतिवेदन अनुसार आ.व. २०६१/०६२ देखि आ.व. ०६८/०६९ सम्म ८ वर्षको काठ दाउराको आपूर्ति हेर्दा निजी वन अग्रस्थानमा रहेको थियो । सरकारद्वारा व्यवस्थित वनबाट करिव ७१ लाख क्यू.फिट. सामुदायिक वनको काठ विक्रीबाट १ करोड ५० लाख क्यू.फिट आपूर्ति भएकोजस अनुसारनिजीवन सामुदायिक वन, सरकारद्वाराव्यवस्थितवनबोटक्रमशः ४६%, ३२% र २२%, आपूर्ति भएको पाइन्छ । निजी वनको योगदान अहम र उत्साहजनक छ । निजी वनको काठ दाउराले बढ्दो ऊर्जा र वन्यजन्तु उद्योगको लागि महत्वपूर्ण टेवा पुऱ्याएको छ । यसैगरी, वैतडी जिल्लाको निजी वनबाट विक्री भएको रिठ्ठाको ४ वर्षको तथ्यांकले पनि निजी वनको नेपाली सामाजिक आर्थिक अवस्था सुधार्न कति योगदान रहेको छ भन्ने अनुमान गर्न सकिन्छ । ४ वर्षको अवधिमा ११,२७,४९४ केजी उत्पादन भै रु ४,६४,६२,२३० किसान ले प्राप्त गरको हुदा ग्रामिण जनतामा निजी वन को प्रत्यक्ष योगदान रहेको देखिन्छ । तर उक्त तथ्याकमा कति क्षेत्रफल के कति रुखवाट उत्पादन गरिएको, निजी वन दर्ता गरिएको हो होइन ?, कति किसानले वेचे, महिला घरमुली कति थिए, पुनरुत्पादन र माउ वीउको सुनिश्चितता जस्ता सूचनाको अभाव नै देखिन्छ ।

## घ) निजी वन र वन प्रमाणीकरणमा ध्यान नहुनु

वन विकास गुरुयोजना २०४५ले निजी वन विकास कार्यक्रम पहिलो कार्यक्रम र वन विभाग अन्तरगत सामुदायिक तथा निजी वन महाशाखा स्थापना गरी कार्यक्रममा टेवा दिइएकोमा हाल सामुदायिक वन महाशाखा मात्र रहनुले संस्थागत रुपमै ओझेलमा पारिएको देखिन्छ । साथै जिल्ला,सेक्टर र इलाका स्तरमा दैनिक किसानको लागि टेवा दिन स्थापना भएका कार्यालयहरु पनि संगठनात्मक हिसावले निजी वन मैत्री नरहेको पाइन्छ । सामुदायिक वन तथा निजी वन विकास कार्यक्रम लाई एक प्राथमिक कार्यक्रमका रुपमा स्थान दिएको थियो । यी दुवै कार्यक्रमलाई एक अर्काका परिपूरक तथा सहयोगी कार्यक्रमको रुपमा लिएको पाइन्छ । स्थलगत रुपमा पनि एक अर्कालाई अलग गरी हेर्न मिल्दैन । तर कार्यान्वयनको रुपमा हेर्दा निजी वनको पाटो पूरै पछाडि परेको देखिन्छ । सरकारी वनमा सरल पहुँचले गर्दा निजी वन विकासमा ध्यान जान सकेको छैन । चोरी वस्तुका कारण काठ दाउराको बजार मूल्य आंकलन गर्न नसक्ने हुँदा कति रुख लाउँदा फाइदा पाउने स्पष्ट नहुँदा समेत निजी वन विकास हुन सकेको छैन ।

## ङ) हक असुरक्षित र विमाको व्यवस्था नहुनु

कुनै व्यक्तिले आफनो जग्गा अर्को व्यक्तिलाई खेतीपाती गर्न दिए मोहीको हक अर्थात मोहियानी हक सुरक्षित हुने, तर त्यही जग्गा रुख लगाउनेको हक सुरक्षित हुने कार्य वातावरण उत्साहजनक नभएको देखिन्छ । यसैगरी, वन जंगलमा वन संरक्षण, सम्वर्द्धन, कटान मुछान, लोड अनलोड, ढुवानी, तथा मिलमा चिरान समेतका कार्यहरु गर्ने श्रमिकहरुको स्वास्थ र कार्यक्षेत्रको सुरक्षा उनीहरुको अधिकार हो । यस्ता हक संरक्षण बारेमा वन ऐन, नियमावलीमा प्रावधान नहुनु अर्को दुखद पक्ष हो । उत्पादक र श्रमिक वीचको सम्बन्ध पनि अनौपचारिक मात्र छ । अशिक्षा र गरीविका कारण श्रमिकहरुले मालिकको आदेश पालना गर्दा कानुनी कारवाही व्यहोर्नु परिरहेको अवस्था छ । साथै, खाद्य सुरक्षाको समेत हक स्थापित गर्नु आवश्यक छ । वन क्षेत्रको व्यवस्थापनमा स्थानीय निकाय र जनता तथा नागरिक समाजको भूमिकालाई हालका दिनमा प्राथमिकता दिदै आएको पाइन्छ । तर एकीकृत भू परिधि योजना तर्जुमा गर्दा निजी वन धनी वा संजालको भूमिका बारे सो निर्देशिकामा नराखिएको हुनाले सहभागितामूलक श्रोत व्यवस्थापनको नीति निर्माणमा चुकेको पाइन्छ । निजी वन धनीको रुख हराए वा चोरी भएमा के गर्ने हो ? वन ऐन, २०४९ मा प्रावधान रहेको छैन । निजी वनमा वीमा नहुनु पनि सम्पत्तिको सुरक्षा नहुनु हो ।

## च) विश्व व्यापार संघको प्रभाव र मूल्य निर्धारण

विश्व व्यापार संघको सदस्यता पछि निजी वन विकासमा के कस्ता प्रभाव पर्छ ? त्यसबारे अध्ययन, अनुसन्धान र प्रचार प्रसार कार्य भए गरेको पाइदैन । नियमित र समय सापेक्ष मूल्य निर्धारण नहुनु पनि अर्को चूनौतीका रुपमा लिइन्छ । कार्वन व्यापारको अवधारणा आएको र वन वाहिरका रुखको पनि कार्वन संचितिमा भूमिका रहने भएकोले निजी वन धनीहरुको प्रोत्साहन र अधिकारलाई सुनिश्चित गर्न नेपालले विश्व समुदायमा आफनो दावी प्रस्तुत गरेको देखिदैन ।

## छ) वन्यजन्य उद्योग स्थापना

कच्चा पदार्थ एकिन र वन तथा भूसंरक्षण मन्त्रालयको स्वीकृति पश्चात वन्यजन्य उद्योग स्थापना गरिन्छ । उद्योग स्थापना गर्दा तराई तथा भित्री मधेशका वन क्षेत्रबाट कम्तिमा ५ कि.मि. र पहाडमा कम्तिमा ३ कि.मि. टाढा हुनुपर्ने व्यवस्था छ । राष्ट्रिय वनको ३ कि.मि. टाढा रहेको पहाडका निजी जग्गा दुर्लभ भएकाले उक्त प्रावधानका कारण उद्योग स्थापना नै हुन नसक्ने देखिन्छ । यसको कारण रोजगारीबाट स्थानीय वासिन्दा बन्चित हुनु परेको छ ।

## ज) लगानी र योगदानको कदर नहुनु

वन विकास गुरु योजना २०४५ ले गुरुयोजना अवधिमा करिव १ अर्ब ७४ करोड अमेरिकी डलर १२ वटा कार्यक्रमहरुका लागि आवश्यकता पर्ने अनुमान गरेको थियो (१ डलर रु २५.४०) । यी कार्यक्रमहरु मध्ये सामुदायिक तथा निजी वन कार्यक्रमका लागि कुल वजेटको ४६.६% अर्थात ८१,१२,००० अमेरिकी डलर छुट्याएको थियो (श्री ५ को सरकार २०४५) । तर, निजी वनका लागि कति लगानी भयो एकीन भएको देखिदैन ।

## छ) निजी वन प्रवर्द्धनमा लैगिंक तथा सामाजिक सवालहरु

- **निजी वनमा पुरुषको मात्र स्वामित्वः** प्राय जसो निजीवन पुरुषको नाममा दर्ता भएको पाइन्छ । पुरुषलाई घरमूलीको रुपमा मानिने सामाजिक चलनले गर्दा पनि महिलाको निजी वनमा स्वामित्व कायम हुन सकेको छैन । यस्ले गर्दा निजीवन भनेको पुरुषको उद्यम तथा कार्यक्षेत्र हो भन्ने बुझाई छ । एकातर्फ निजीवन र यसवाट प्राप्त हुने श्रोत र फाइदाको स्वामित्वमा महिलाको हक सुनिश्चितता नभएको र अर्को तर्फ निजीवन दर्ता र उत्पादनको वेचविखनमा हुने प्रसाशनिक तथा कानूनी झन्झट तथा कठिनाईले पनि महिलाहरुलाई निजीवनको मालिकको रुपमा काम गर्ने वातावरण मिल्न सकेको छैन ।
- **सूचनाको अभावः** १९.७१ प्रतिशत घरधुरी महिलाको नाममा घर वा जग्गा वा दुवै सम्पत्ति छ (जनगणना प्रतिवेदन, २०६८), उनीहरु लगाएत अन्य

महिलाहरुको आफ्नो नाममा के कति निजी वन छ, र सो वाट कति आन्दानी उनीहरुको हातमा परेको छ भन्ने सूचना नै छैन् । साथै कुन जातजातिका महिला तथा पुरुषको नाममा कति क्षेत्रफलको जग्गा छ, सो जग्गाको उपयोग कसरी भएको छ, महिलाको नाममा भएको जग्गामा कृषिवन लगायत निजीवनको अवस्था तथा हैसियत वारेका सूचनालाई वन क्षेत्रको प्रचारप्रसार, अनुभव आदनप्रदान तथा संस्थागत प्रगति तथा योजना प्रक्रियामा लेखाजोखा गर्ने गरिएको छैन् । वढ्दो संख्यामा युवा पुरुषहरु विदेशीने चलनले निजीवनमा पारेको प्रभाव तथा यस्ले लैगिंक सम्वन्धमा ल्याएको परिवर्तन साथै निजी वनले गर्दा गाउँमै वस्ने महिला र पुरुषको जीवनमा ल्याएका परिवर्तन एवं पर्यावरणीय अवस्थामा ल्याएका परिवर्तनहरु के के हुन सो को अध्ययन भएको छैन ।

❖ **संस्थागत क्षमता, तयारी तथा समावेशी:**निजीवन विकास मार्फत स्थानीय गरिवी न्यूनिकरण, खाद्यसुरक्षा तथा जैविक विविधता संरक्षणमा टेवा पुर्‍याउनुका साथै विपन्न तथा पछाडि परेका महिलाको जीवनस्तर उकास्नमा सहयोग गर्ने उद्धेश्यले वनक्षेत्रको क्षमता, सेवा प्रदान गर्ने तरिका, संगठनात्मक संरचनाहरु र सिकाईहरु लैंगिक मैत्री नरहेको पाइन्छ । उदाहरणको लागि निजीवन दर्ता गर्दा महिला तथा पुरुष सदस्यको नाममा सयुंक्त दर्ता गर्ने परिपाटी वसेको छैन्, वन उपभोक्ताहरुलाई प्राविधिक तालिमहरु दिंदा सामाजिक विषय तथा सवालहरुमा छलफल कमै गरिन्छ । वन विकासका प्रगतिहरु तथा यस्ले पारेका प्रभावहरु लैगिंक दृष्टिकोणवाट विश्लेषण तथा प्रस्तुती गर्ने अभ्यास अझ हुन सकेको छैन् ।

❖ **वन क्षेत्रको कानूनी व्यवस्था लैगिंक मैत्री नहुनु**: वन क्षेत्रको नीति तथा सामुदायिक वनको मार्गदर्शनले महिला सहभागितामा जोड गरेतापनि वन क्षेत्रको कानूनहरु लैंगिक सम्वेदनशील छैनन् । जस्ले गर्दा वन क्षेत्रवाट प्राप्त हुने फाइदा तथा वन व्यवस्थापन सम्वन्धि नीति निर्माण र निर्णय प्रक्रियामा कानुनी तवरले महिलाको पहुंच सुनिश्चत गर्न सकेको छैन । उदाहरणको रुपमा वन ऐन २०४९ र वन नियमावली २०५१ मा सामुदायिक वनको व्यवस्था भएता पनि महिलालाई सामुदायिक वनको एक महत्वपूर्ण सरोकारवालाको रुपमा मान्यता दिएको छैन । पुरुष हावी सामाजिक संरचना, दृष्टिकोण तथा व्यवहारले जरो गाडेको नेपाली समाजमा वन क्षेत्रको नीति लैंगिक सम्बेदनशील हुंदैमा वन क्षेत्रका कार्यक्रमले महिलाको हैसियतमा स्वतः परिवर्तन ल्याउन नसकिने कुरा वन क्षेत्रको हरेक तहका संरचना, विशेष गरि सरकारी निकाय र नीति निर्माणमा पुरुषहरुको बाहुल्यता र प्राविधिक दृष्टिकोणले उच्च स्थान पाएको अवस्थाले पनि स्पष्ट पार्छ । वन

क्षेत्र मार्फत महिलाको अवस्थामा परिवर्तन ल्याउन वन ऐन/कानून नै लैंगिक समतामुखी हुनुपर्छ ।

# निजी वन विकास र प्रबर्द्धनकालागि नया“ गन्तव्य

निजी वनवाट प्रशस्त प्रत्यक्ष र अप्रत्यक्ष फाइदा हुने भएकोले हालको अवस्थामा देखिएका बुझाइ, नीतिगत - कानुनी, प्रशासनिक र सँस्थागत, एवं प्राविधिक अवरोधहरु हटाउन सरकारले निजी वन विकास र प्रबर्द्धनका लागि नयाँ गन्तव्यका रुपमा निम्न उपायहरु अपनाउनु उपयुक्त हुने देखिन्छ ।

## १. वन ऐन संशोधन र प्रकृया सरलीकरण

सरोकारवालाहरुको सहभागितामा छलफल गरी निजी वनको परिभाषालाई व्यापक वनाइनु पर्दछ । निजी वनको परिभाषामा  रुख, वल्लावल्ली, लाथ्रा, विरुवा, औषधिजन्य र सुगन्धित वनस्पती, फलफूलले ढाकिएको र पशुपंछी र वन्यजन्तु पालन क्षेत्र, वारीको डिल, पोखरीको डिल, चिया वा कफि खेतीको रुख, वा चरण क्षेत्रका रुखलाइ निजी वनको परिभाषाले समेटनु पर्दछ । साथै, निजी वनको वर्गिकरण गरिनु पर्दछ : जस्तैः निजी कृषि वन, निजी व्यवसायिक वन, साथै निजी कबुलियति वन, निजी वन्यजन्तु उत्पादन वन, निजी गैरकाष्ठ उत्पादन वन आदि निजी वनमा हुने पशुपंछी तथा वन्यजन्तुको उपयोग गर्ने प्रकृया बारे प्रावधान राख्नु पर्दछ । समग्र वन पैदावारको विक्री वितरणलाई सहज वनाउन सहभागीतामूलक छलफलबाट वन पैदावार प्राधिकरण ऐन यथाशिघ्र तर्जुमा गर्नु पर्दछ । निजी वन सहकारी स्थापना लगायतका प्रावधान निजी वन विकास निर्देशिका,२०६८ मा रहेको विषय वस्तुलाइ ऐन र नियमावलीमा राख्नु जरुरी देखिन्छ ।

मौजुदा वन ऐन २०४९, वन नियमावली २०५१, निजी वन विकास निर्देशिका २०६८, राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९, र परिपत्रहरुलाइ कानुन सम्मत र व्यवहारिक बनाइ सेवा प्रवाह चुस्त पार्न विषेश कदम चाल्नु पर्दछ । कर्मचारीहरुको कार्य विवरणमा निजी वन विकास र प्रवर्द्धनमा टेवा दिने भन्ने उल्लेख हुनु पर्दछ । वनक्षेत्रको निजीवन सम्वन्धि जतिपनि कानूनी तथा नीति/निर्देशिकाहरु वन्छन् तिनीहरुमा लैगिंक समावेशीका व्यवस्थाहरु समावेश गरिनुपर्छ । लैगिक कार्यवोझ सन्तुलन पार्ने, कानुनी प्रकृया बारे जनचेतना अभियान संचालन गर्ने, सूचनालाइ विद्युतीय माध्यमवाट पठाउने, उत्प्रेरणाका उपायहरु अपनाउने, निजी वनको काठ उपयोगको प्रकृयामा संलग्न पक्षहरु प्रहरी, गा.वि.स. नापी, मालपोत, लगायतका निकायहरुलाइ सचेतना (तालिम) र जिम्मवार वनाउने जस्ता कार्य गर्नु पर्दछ । किसानलाई हरेक प्रकृयाको चरणमा सुसुचित गर्नु पर्दछ । निजी वन कार्यविधि तयार गर्नु पर्दछ (वीउ, विरुवाको मापदण्ड, बृक्षारोपण तरिका, सम्वर्द्धन, कटान, ओसारपसार, वन श्रमिकको भूमिका, निजी वन दर्ता आदि ।

निजीवन अभिलेखिकरणलाइ अभियानको रुपमा लैजान आवश्यकता अनुसार सेवा प्रदायक परिचालन गर्नु पर्दछ ।

## २. वीउ र विरुवाको गुणस्तर, वन संबर्द्धन र वन प्रमाणिकरण

वन विभाग, बृक्ष सुधार इकाई अन्तरगत स्थापना भएका मौजुदा कृषि वन सहकारीलाइ सँस्थागत गर्दै असल बीउ र उन्नत विरुवा प्राप्तिका लागि थप जिल्लाहरुमा वीउ सहकारी स्थापना गरि वीउका माउ रुख संरक्षण र वीउ वितरण प्रणालीको विकास गर्नु पर्दछ । सरकारी निकायवाट वन वीउको प्रमाणिकरणको व्यवस्था मिलाउनु पर्दछ । प्रत्येक गाविस वा क्लस्टर वा पारिस्थितिक प्रणाली अनुसार जमिनको अवस्था अनुरुप प्रजाती छनौट गरी वैज्ञानिक कृषि वन नर्सरी स्थापना गरी बहुउपयोगी, छिटो बढने, स्वस्थ, तोकिएका साइजका प्रतिवन्ध प्रजातीका विरुवा समेत उत्पादन गरी उपर्युक्त सहुलियत सहित  विरुवा वितरण र ढुवानीको व्यवस्था मिलाउनु पर्दछ । संकटापन्न र प्रतिवन्धित रुख र जडिबुटीको विरुवा  रोप्न र रुख संरक्षण गर्न प्रोत्साहन गर्नु पर्दछ  । प्रजाती र बृक्षारोपण स्थान मिलान गरी वृक्षारोपाण अभियान शुरु गर्नु पर्दछ ।

निजी वनको संवर्द्धनमार्फत उत्पादन बृद्धी गर्न वन संबर्द्धन र वन व्यवस्थापन कार्य संचालन गर्नु पर्दछ । कृषि वन नर्सरी र वृक्षारोपणमा देखा पर्ने रोगको समयमा नै उपचार गर्न पहल गर्नु पर्दछ । निजी वनको उत्पादन अवधि घटाउन, उत्पादकत्व वृद्धि गर्न, तुलानात्मक लाभ लिन र जोखिम न्यूनीकरण गर्न निरन्तर प्राविधिक अध्ययन गर्नु पर्दछ । सवै प्रकारका वनमा दीगो वनको अवधारणा अनुरुप वन प्रमाणिकरण ९ँयचभकत ऋभचतषष्अबतष्यल) विश्वव्यापी साझा मान्यता भएको हुँदा निजी वन प्रमाणिकरण र विक्रेताको श्रृखला प्रमाणिकरण ९ऋजबष्ल या ऋयकतगमथ ऋभचतषष्अबतष्यल० अपरिहार्य भएकाले यसका लागि चाहिने मापदण्ड र राष्ट्रिय निकाय स्थापनामा जोड दिदै काष्ठ र गैरकाष्ठ वन पैदावारको व्यापार वढाउनु पर्दछ ।

## ३. संस्थागत विकास र अनुगमन

निजी वनको वढदो महत्व र मागलाइ सम्बोधन गर्न वन विकास गुरुयोजना, २०४५ले समेत पहिलो प्राथमिकता दिएको कार्यक्रमलाइ जीवन्त राख्नु पर्दछ। वन विभाग र राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभाग अन्तरगत निजी वन समुह गठन र दर्ता प्रकृयालाई अगाडी वढाउने । यस कार्यको लागि वन विभाग अन्तर्गत सुषुप्त अवस्थामा रहेको निजी वन तथा कृषि वन शाखालाई सकृय बनाउने एंव तत्काल दुवै विभागमा “निजी तथा कृषि वन महाशाखा” निमार्णको लागि नेपाल सरकारले भुमिका खेल्नु पर्दछ । सरकारले यस अघि दर्ता भएका निजी वनको

अनुगमन र थप टेवा  दिने व्यवस्था गर्नु पर्दछ ।  निजी वन विकास र प्रवर्द्धन तथा अनुगमनलाई पूर्ण सहयोग दिन सक्ने गरी जिल्ला, सेक्टर, इलाका सम्म वनको संगठनलाई सुदृढीकरण गर्दै हरेक कार्यालयहरुमा पनि छुट्टै निजी वन इकाई स्थापना गरिनु पर्छ ।  प्राविधिक कार्यमा सेवा प्रदायक परिचालन गरी जनताको माग सम्वोधन गर्नु पर्दछ । जिल्ला वन क्षेत्र समन्वय समितिमा निजी वन उद्यमीको प्रतिनिधित्वका साथै निजी वन विकास समन्वय उपसमिति गठन गर्ने व्यवस्था तत्काल कार्यान्वयन गर्नुपर्दछ । निजी वन निर्देशिका २०६८ ले व्यवस्था गरे बमोजिम निजी वनको अनुगमनको लागि केन्द्रीय तथा जिल्लास्तरमा अनुगमन समिति गठन गर्नु पर्दछ । केन्द्र, जिल्ला र गाउँमा निजी वन किसानहरुको संगठन र महासंघ गठन गर्न प्रोत्साहन गर्नु पर्दछ ।  साथै, निजी वन व्यवसायीको संगठन र संजाल देशीय तथा अन्तरदेशीय तहमा स्थापनामा टेवा दिनु पर्दछ । केन्द्रीय र क्षेत्रीय वन तालिम तथा प्रचार प्रसार केन्द्रहरुवाट निजी वन प्रशिक्षक प्रशिक्षण तालिमको व्यवस्था हुनुपर्दछ । जहाँवाट कृषक, वन श्रमिक, सहजकर्ताहरुका लागि उच्चस्तरको क्षमता र सीप विकास हुने छ । रेडियो,टेलिभिजन,पत्र पत्रिका, वेभ साइट आदि सामाजिक संञ्जाल मार्फत निजी वनको प्रचार प्रसार गर्नु /गराउनु पदर्छ । सरकारी वा खुला रहेका वनको संरक्षणका लागि चेतनामुलक कार्यक्रम पनि संचालन गर्नु पर्दछ ।  वन डढेलो व्यवस्थापनका लागिसूचना व्यवस्थापन गर्दै तालिम र उपकरण उपलब्ध गराउनु पर्दछ । गैसस सेवा प्रदायकलाई निजी वन विकास, उद्यम विकास र व्यवसायिक तालिममा सहभागी  गराउनु पर्दछ ।

## ४. योगदानको विश्लेषण

कुल ग्राहस्थ उत्पादनमा निजी वनबाट भएको योगदानको अध्ययन गर्नु पर्दछ । यसका लागि जन गणनामा निजीवनको योगदान बारे तथ्याङ्क लिनुपर्ने  ( रुखसंख्या, प्रजाती, वन पैदावार उत्पादन, खर्च, आम्दानी, फाइदा, लगानी  क्षेत्र) । तथ्यांक लिँदा कुन-कुन जिल्ला, गाविस वा नपामा निजी वन कति संख्या र क्षेत्रफलमा कुन कुन जातका रुख,वनस्पती रहेका छन ?, प्राकृतिक वा बृक्षारोपण के हो ?, प्रति हेक्टर विरुवा, वल्ला वल्ली, र रुख वा जडिबुटी कति छन ?, जग्गाधनीको लैगीक र जातीय विश्लेषण के हो ?, कति घरधुरीको निजी वनमा रुख काटिए ?, कति वटा कुन जातका रुख कति मध्य कति काटिएको थियो ?, कति काठ, दाउरा, घाँस, पतकर आन्तरिक खपत भयो ? के के मा प्रयोग भयो ? घर निर्माण, सार्वजनिक स्थल निर्माण?, वाह्य कति विक्री भयो ?, प्रति घरधुरी के कति आम्दानी भयो ?, निजीवनको लैगिंक तथा सामाजिक विश्लेषण र निजीवनले महिलाको आम्दानीमा तथा उनीहरुको अन्य जीविकोपार्जन पक्षमा पारेको प्रभाववारेमा, के कति

रुख काटिएको स्थानमा पुन रोपियो ? कुन जातका विरुवा रोपियो ?, निजी वनबाट विक्री भएको औषधिमुलक र सुगन्धित वन पैदावारको विक्रीबाट सामाजिक आर्थिक अवस्था सुधार्न कति योगदान रहेको छ ?, कति क्षेत्रफल के कति रुखवाट वीउ, फल, फुल, जरा, वोक्रा उत्पादन गरिएको छ ?, निजी वन दर्ता गरिएको हो होइन ?, कति महिला घरमुलीले वन पैदावार बेचेका थिए ? पुनरुत्पादन र माउ वीउको सुनिश्चितता छ, छैन ?आदि । साथै, जग्गा विहीन र गरीवका माग सम्वोधन गर्न सामुदायिक वन, साझेदारी वन लगायतका वन कार्यक्रमवाट गरीवका लागि दाउरा, घाँस, घर निर्माणका लागि काठ आपूर्तिमा सहज भयो भएन समेतको तथ्यांक लिनु पर्दछ ।

## ५. हक सुरक्षित र विमा

निजी जग्गामा रुख लगाउनेको हक सुरक्षित गर्ने, वन श्रमिकहरुको स्वास्थ र कार्यक्षेत्रको सुरक्षा वारे वन ऐन, नियमावलीमा प्रवधान राख्ने, खाध सुरक्षाको समेत हक स्थापित गर्ने कार्यमा विशेष ध्यान दिनु पर्दछ  निजी वन धनीको रुख हराए वा चोरी भएमा वन ऐन, २०४९ र राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ मा प्रावधान राखि दण्ड सजाय गर्न सक्ने व्यवस्था राख्नु पर्दछ । निजी वनमा रहेका रुख र वन पैदावारको विमाको व्यवस्था गरि सम्पत्तिको सुरक्षा गर्नु पर्दछ ।

## ६. मूल्य निर्धारण र व्यापार

विश्व व्यापार संघको सदस्यता पश्चातको समग्र अवस्थाको प्रभाव अध्ययन तथा अनुसन्धान र प्रचार प्रसार गर्नु पर्दछ । वन पैदावारको नियमित र समय सापेक्ष मूल्य निर्धारण गर्नु पर्दछ । मूल्य अभिवृद्धि कर र वन धनीले पाउनु पर्ने उचित मूल्य वारे स्पष्ट पार्नु पर्दछ । निजी वनको फाइदा किसानसम्म अत्याधिक पुऱ्याउने वातावरण मिलाउनु पर्दछ । निजी वन धनी र उद्योग वीचको औपचारिक सम्बन्ध विस्तारको लागि आवश्यक संस्थागत सुधार गर्नु पर्दछ । निजी वन विकासमा भएका अध्ययनको नतिजा सार्वजनिक गर्ने र किसानसम्म पुऱ्याउने तथा उनीहरुले बुझ्ने भाषामा प्रचार प्रसार गर्ने कार्य हुनु पर्दछ । यसका लागि निजी वन विकास दिग्दर्शन बनाइनु पर्दछ । केन्द्र, क्षेत्र र जिल्लामा निजी वन पैदावार बजार सूचना व्यवस्थापन इकाई गठन हुनु पर्दछ ।

## ७. योजना तर्जुमा र लगानीको वातावरण निर्माण

दाउरा, घाँस, डालेघाँसको माग अत्याधिक रहेकोले ७५ जिल्लामै निजी वन र नर्सरी स्थापनाको सम्भाव्यता अध्ययन गरी राष्ट्रिय वन कम भएका जिल्लाहरुमा र वनश्रोत कम भएका गा.वि.स.हरु पहिचान र प्राथमिकीकरण गरि तत्कालै ५०० गाविसहरुमा बृहत निजी वृक्षारोपण कार्यक्रम तर्जुमा गरी अभियान कै रुपमा कार्यान्वयन गर्नु पर्दछ । सरकारले निजी वनलाइ उद्योग सरह मान्यता दिइ वन क्षेत्रको कुल वजेटको कम्तिमा १५-२० प्रतिशत रकम निजी वन विकासमा लगानी गर्नु पर्दछ । चक्ला वृक्षारोपण गर्नेलाई मालपोत मिनाहा लगायतका विषेश सुविधा दिनु पर्दछ । निजी वनको लागि पूँजीको व्यवस्था गर्न  सहभागितामुलक तरिकाले वित्तीय सहयोग नीति तयार गरी लगानीको वातावरण वनाइनु पर्दछ । वन वाहिरका रुखको पनि कार्वन संचितीमा भूमिका रहने भएकोले निजी वनधनीहरुको अधिकारलाई सुनिश्चित गरि प्रोत्साहन गर्न नेपालले विश्व समुदायमा आफनो दावी गर्नु पर्दछ । जलवायू परिवर्तका कारणले पर्न सक्ने संभावित जोखिमको आंकलन गरी आवश्यक र उपयुक्त अनुकुलन एवम जोखिम व्यवस्थापनका कार्यक्रम निजी वनमा सन्चालन गरिनु पर्दछ । काष्ठ व्यवसायीहरुले सरकारलाई बुझाउने शुल्कवाट निजी वन विकासमा लगानी गर्ने वातावरण वनाउनु पर्दछ । साथै, निजी वनको विकास र प्रवर्द्धनका लागि लगानी कार्वन ब्यापारवाट प्राप्त रकम निजी वन धनीहरु र उधमीहरुसंगको सहकार्यमा जोखिम न्यूनीकरण र अनुकुलनको कार्यक्रम सन्चालन गर्नु पर्दछ । साथै, लगानी वढाउनलघु तथा घरेलु उद्योगको स्थापना हुनु पर्दछ । उद्योग स्थापना गर्दा वनवाट दूरी निर्धारण गर्दा वैज्ञानिक र विश्वसनीय गराउनु पर्दछ । स्थापना भएका उद्योगहरुलाइ कच्चा पदार्थ सहज तरिकाले उपलब्ध गराई हरीत उद्यम, दीगो व्यवसाय, स्थानीय वासिन्दालाई रोजगारी उपलब्ध गराउने वातावरण बनाउनु पर्दछ ।

## ८.महिला शसक्तिकरण र लैंगिंक समानताका लागि निजीवन प्रवर्द्धन

वन विकास तथा दीगो वन व्यवस्थापन गर्दै स्थानिय गरिवी न्यूनिकरणमा टेवा पुर्‍याउने लक्ष्य राखि नेपालको वनक्षेत्रमा वहुसरोकारवाला निकायहरु ( सरकारी, गैह्र सरकारी, नागरिक समाज, नेटवर्क तथा अन्तराष्ट्रिय निकायहरु आदी) कार्यरत छन् । ६ दशक अगाडी देखि नै नेपालको वनक्षेत्रमा वैदेशिक सहायता भित्रीएको छ । वनको अवस्थामा सुधार ल्याउन, वनक्षेत्रको संगठन तथा क्षमता अभिवृद्धि, वनक्षेत्रको नीति/ऐन कानून समिक्षा तथा उक्त नीति/ऐन कानून जनमूखी वनाउन वैदेशिक सहायताको भूमिका अग्रणी मानिन्छ । तथापि वनक्षेत्रको कानून, संस्थागत संरचना र संस्कार, सेवा प्रदानशैली, वजेट तथा मानविय दक्षता दीगो वन व्यवस्थापन प्रणाली मार्फत स्थानिय उपभोक्ताको सामाजिक तथा आर्थिक हैसियत

उकास्ने हेतुले रुपान्तरण हुन सकेको पाइदैन । विशेषगरि लैंगिंक सवालमा वन विकासका कार्यक्रमहरु चुस्त तथा प्रभावकारी वनाउन वनक्षेत्रको समग्र संस्थागतपक्ष र जिम्मेवारीपना फितलो देखिन्छ । उदाहरणको लागि वनक्षेत्रमा काम गर्ने सरोकारवालाहरुमा लैंगिंकताको सवालमा काम गर्न सचेत भएको पाइन्छ, तर उनीहरु लैंगिक सम्बेदनशील हुन सकेका छैनन् । लैंगिंकता भनेको वनसंरक्षण, विकास र उपयोगमा महिला उपभोक्ताको संख्यात्मक उपस्थित गराउने र सामुदायिक तहका महिलाको लागि काम गर्न स्थापित संघसंस्थाको प्रतिनिधित्व भएमा वनक्षेत्र लैंगिक समावेशी भयो भन्ने बुझाईलाई प्रोत्साहित गर्ने परिपाटी संस्थागत भएको छ । यस्ले गर्दा वन क्षेत्रभित्रको हरेक तहको लैंगिक सवाल तथा अवसरहरु विश्लेषण गर्ने प्रक्रिया, नीति निर्माण देखि कार्यान्वयन तहसम्म महिला तथा पुरुषको समान र प्रभावकारी सहभागिता, वनक्षेत्रको नेतृत्व र फाइदामा पहुंच, महिला वनविज्ञको क्षमता वढाउने जस्ता मुद्दालाई ओझेलमा पारेको छ, जुन निजीवन प्रवर्द्धनलाई लैंगिंक समावेशी वनाउदै महिलाको प्रभावकारी सहभागिता गराउन वाधक वन्न सक्छ । यिनै अवस्थालाई मध्य नजर गरि निजीवन मार्फत महिला शसक्तिकरण र लैंगिंक समानता हासिलका तलका पक्षहरुमा ध्यान दिनुपर्छ ।

- निजीवन किसानको परिभाषामा महिला तथा पुरुष दुवै समावेश गरिनुपर्छ,
- घरका महिला तथा पुरुष दुवै निजीवनका मालिक हुन पाउने कानून तथा नीति व्यवस्था हुनुपर्ने,
- नेपाली समाजमा, विशेषगरि वनक्षेत्रमा हाल भैरहेको लैगिंक विभेद घटाउने र महिला शसक्तिकरण तर्फ निजीवन कार्यक्रम संचालन गर्न प्रोत्साहित गर्नुपर्छ,
- राज्यको संविधान र नीतिले अंगिकार गरेका लैगिंक समावेशी प्रावधानहरु ( जस्तै राज्यको हरेक तह र संरचनामा कम्तिमा पनि ३३ प्रतिशत महिला सहभागिता) लाई निजीवन प्रवर्द्धनको संरचना, क्रियाकलाप तथा प्रक्रियामा कार्यान्वयन गरिनुपर्छ,
- महिला किसानको समस्या समाधान गर्न, उनीहरुलाई व्यवसायीक बनाउन र उनीहरुको बजार तथा अन्य सरोकारवालाहरुसंग सम्बन्ध विस्तारमा पहुंच पुर्‍याउन एक क्लष्टरमा एक महिला वन प्राविधिकको व्यवस्था गर्ने गरि वनक्षेत्रको संगठन परिवर्तन गरिनुका साथै कर्मचारीको प्राविधीक तथा लैंगिक विषयगत क्षमता विकास गरिनुपर्छ,
- निजीवनबारेमा लैंगिक हिसावले अध्ययन/अनुसन्धान गर्न र ति कामवाट आएका निश्कर्षहरुलाई नीति र कार्यान्वयन तहमा पुरयाउन, स्थानिय तह

देखि राष्ट्रिय तहसम्म लैंगिक क्षमता अभिबृद्धि, निजीवन उद्यम महिलाको उद्यमशिलता क्षमता विकास गर्न वनक्षेत्रको कार्यक्रमहरु, वजेट र अनुगमन पद्धति लैंगिकमुखी वनाइनुपर्छ,

- प्राकृतिक श्रोत व्यवस्थापनमा लैंगिक तथा सामाजिक सवालमा काम गर्ने संस्था तथा विशेषज्ञहरुलाई संस्थागत साझेदार वनाई ति संस्था/व्यक्तिहरुलाई निजीवनका नीतिनियम, तालिम/गोष्ठी, अनुसन्धान, तथा विचार विमर्श आदी क्रियाकलापहरुमा समावेश गर्नुपर्छ,
- जैविक विविधता तथा अनुवांशिक स्रोत अभिलेखिकरणमा निजीवनधनी महिला धनीहरुलाई सहभागि गराइनुपर्ने,
- अत्याधिक पुरुष युवाहरु विदेशिने हालको सामाजिक र जलवायु परिवर्तनको अवस्थामा निजीवन तथा कृषिवनले स्थानिय जैविक विविधता संरक्षण, वन व्यवस्थापन, लैंगिक कार्यवोझ, भूमिका, हिंसा र शक्ति सम्बन्ध साथै जीविकोपार्जनमा पारेका असरहरुको नियमित रुपमा लैंगिक तथा सामाजिक दृष्टिकोणवाट अध्ययन गर्न यस सवाललाई वन अनुसन्धानको एक महत्वपूर्ण एजेण्डा वनाइनुपर्ने,
- निजीवनका लागि सेवा प्रदान गर्ने सरकारी तथा अन्य निकायमा (स्थानिय देखी माथिल्लो तह सम्म) निजीवनका सूचना तथा अभिलेखहरु लैंगिक तथा सामाजिक दृष्टिकोणले सम्बेदनशील हुनुपर्ने (न्भलमभच बलम क्यअर्ष्वा मष्कबननचभनबतभम मबतबO,
- वनविज्ञान तथा कृषि वन बिश्व विद्यालयमा निजीवन, लैंगिकता तथा शुसासनका विषयहरु समावेश गर्न शिक्षा क्षेत्रको नीतिगतमा संशोधनको लागि पहल गरिनुपर्ने ।

निर्माणाधिन नयाँ वन क्षेत्रको नयाँ रणनीतिमा निजी वनलाइ समग्र वन क्षेत्रको विकासको परिपूरकको रुपमा हेरिनु पर्दछ । तसर्थ, निजी वनको परिभाषादेखि नै किसान र उद्यमी मैत्री बनाउदै निजी वनको प्रवर्धनमा देखिएका चुनौतीहरु हटाइ कार्य वातावरण सरल र सहज वनाउन सुझाइएका उपायहरु कार्यान्वयनमा सरोकारवालाहरु संगठित भइ साझा सोचकासाथ योजना निर्माण गर्दै कार्यान्वयन र अनुगमन र मूल्याङ्कनमा सहकार्य र नियमित राष्ट्रिय वहस तथा समीक्षा गर्नु आजको आवश्यकता हो ।

à à à

---

पुनश्च : यो पुस्तिका राष्ट्रिय जनवकालत मञ्च, नेपाल, उद्योग वाणिज्य महासंघ (एफ.एन.सि.सि.आइ.)को संयुक्त आयोजना तथा बहुसरोकारवाला वन कार्यक्रम र इसिमोडका संयुक्त सहयोगमा २०७० फागुण २९ र ३० गते ललितपुरमा संचालित **निजी वन प्रबर्द्धनका लागि राष्ट्रिय कार्याशाला गोष्ठि**मा प्रस्तुत गरिएको कार्यपत्रहरुको आधारमा वन तथा वातावरण विज्ञ विजयराज पौड्याल र भोला भट्टराईले तयार गर्नु भएको हो ।

# सन्दर्भ सामग्री


अमात्य,स्वयंम्भु मान र श्रेष्ट,कन्हैयालाल २०६७, ए हयाण्ड वुक अफ फरेष्टि, नेपाल वन प्राविधिक संघ ।

आचार्य, विश्वमणि, २०६६, रिठ्ठाः एक नगद आम्दानी दिने रुख र बैतडी जिल्लाको अनुभव, हाम्रो कल्पवृक्ष २०(२२३) ।

कानुन किताब व्यवस्थापन समिति, २०५१. राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ ।

श्री ५ को सरकार २०४५, वन विकास गुरु योजना नेपालः कार्यकारी सारांश, वन तथा भू संरक्षण मन्त्रालय ।

शर्मा अरुण, २०६६, नेपालमा निजी वनको अवस्था र विकासका चुनौतिहरु, हाम्रो कल्पवृक्ष, वर्ष २०, अंक २२१ ।

खड्का, मन बहादुर २०६३, नेपालमा निजी वनको विकासः छोटो समिक्षा, हाम्रो वन (आ.व. २०६१/०६२) वन विभाग, प्रचार प्रसार शाखा ।

क्षेत्रीय सहयोग इकाई, २०६७, विस्तारित चरणका उपलब्धीहरुः जनवरी २००७ देखि डिसेम्वर २०१० सम्मः तराई तथा सिवालिकको लागि जैविक विविधता क्षेत्रको कार्यक्रम, हेटौडा ।

थापा, यम बहादुर,२०६८, निजी वनको विकास र विस्तारः रुपन्देही जिल्लाको एक अध्ययन (हाम्रो वन आ.व. ०६६/०६७) वन विभाग ।

पौड्याल, विजयराज, २०६३, वन उधोग दिगो व्यवस्थापन : एक अध्ययन, जानकारी नोट ।

पौड्याल, विजयराज, थापा दुमन २०४९, कृषक अन्तरवार्ता : निजी वन वाटिका एक उदाहरण ‘मखमली’ अंक १ नेपाल सामुदायिकसेवा समूहकठमाडौं ।

प्रकाश लम्साल, २०६२, निजी वन एवं वन उद्यम विकासका केही नीतिगत सवालहरु, हाम्रो वन सम्पदा, वर्ष ३ अंक २, कार्तिक ।

रायोआ, २०७०, तेह्रौ योजना (२०७०।७१–२०७२।७३)को अवधारणा पत्र, राष्ट्रिय योजना आयोग ।

वन विभाग, आ.व. २०४९/०५० देखि ०६८/०६९ सम्मको वार्षिक प्रतिवेदन र हाम्रो वन वार्षिक प्रकाशन, वन विभाग ।

वन विभाग २०६९, वन विभागः एक परिचय, वन विभाग ।

वन विभाग २०६६, जिल्ला वन अधिकृतहरुको राष्ट्रिय गोष्ठि २०६६ले पारित गरेको निष्कर्षहरु, हाम्रो कल्पबृक्ष, वर्ष २०, अंक २२३ ।

वनस्पति विभाग २०५९, वार्षिक प्रतिवेदन, वनस्पति विभाग ।

वन तथा भू-संरक्षण मन्त्रालय, २०६१, वन क्षेत्रमा सरकार, नागरिक समाज र निजी क्षेत्र विचको सहकार्य रणनीति २०६१ ।

वन तथा भू-संरक्षण मन्त्रालय,२०६१, गैर सरकारी सेवा प्रदायकबाट सेवा प्राप्ती सम्बन्धी निर्देशिका २०६१ ।

वन तथा भू-संरक्षण मन्त्रालय, २०५२, वन सम्बन्धी ऐनहरुको संकलित संग्रह, वन विकास आयोजना ।

वन तथा भुसंरक्षण मन्त्रालय, २०६७, वन डढेलो व्यवस्थापन रणनीति २०६७, वन तथा भुसंरक्षण मन्त्रालय ।

वन तथा भुसंरक्षण मन्त्रालय, २०६९, राष्ट्रिय सिमसार नीति, वन तथा भुसंरक्षण मन्त्रालय ।

वन तथा भूसंरक्षण भन्त्रालय, २०६९, एकिकृत भू परिधि योजना तर्जुमा निर्देशिका, २०६९,  वन तथा भूसंरक्षण भन्त्रालय ।

वन विभाग २०४९, नेपालका सामुदायिक तथा निजी वन विकास कार्यक्रम, वन विभाग ।

वन विभाग, २०७०. निजी वन विकास निर्देशिका२०६८, वन विभागसंग सम्बन्धित निर्देशिकाहरुको संगालो, वन विभाग ।

वातावरण मन्त्रालय, २०६७, जलवायु परिवर्तन नीति , वातावरण मन्त्रालय

वृक्ष सुधार शाखा, २०५४, रुखका बीउ संम्वन्धि दिग्दर्शन, डानिडा टि इम्प्रुभमेन्ट प्रोजेक्ट ।

शर्मा, श्याम प्रसाद, २०७०, नेपालमा, निजी वन विकासको समिक्षा, समस्या तथा संभावनाको छोटो विश्लेषण, वन तथा वातावरण डिफानको स्मारिका, वर्ष १ अंक १, प्रजातान्त्रिक वन प्राविधिक संघ नेपाल ।

शर्मा, सिता, २०७०. संघर्षसंगै उपलब्धि, गोरखापत्र शनिवार , फागुण २४ ।

श्रेष्ट, श्याम,२०७०, नेपाली राजनीतिमा महिला, गोरखापत्र, फागुण २५ ।

ज्ञवाली, विष्णु प्रसाद, २०६९, नेपालमा निजी वन विकास का लागि नितीगत विकासः एक समिक्षा, हाम्रो कल्पबृक्ष, वर्ष २३, अंक २५८ ।

Chipeta, ME& Joshi, M 2001, The Private Sector Speaks: Investing in Sustainable Forest Management, CIFOR.

Bhatta, L.D, Kotru, R., Munakarmi, R., and Shah, S.B., 2010, Unlocking Ecalyptus for Poor Communities: Applying a pro-poor value chain approach for increased local incomes in the Central Terai, Nepal, SNV, Nepal.

Ghemire, M., 2014. Gender Mainstreaming in Forestry Sector Policy in Nepal, MFSC.

Joshi, A.L., 1989. Common Property, The Forest resource and Government Administration : Implication for Nepal, MSc. Thesis, Department of Forestry, Anustralian National University, canberra, Australia.

Kandel, P. 2009. Forest Resource Assessment in Nepal: An Assessment of Data Needs**,** Forest Resource Assessment (FRA) Nepal Project, Kathmandu, Nepal.

MFSC, 2013, Persistance & Change: Review of 30 Years of Community Forestry in Nepal, Multistakeholder Forestry Programme, Service Support Unit.

MFSC, 2002. Nepal Biodiversity Strategy Ministy of Forest and Soil Conservation.